CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलेसी

(तीर्थकाव्य)

(हलेसीधामको धार्मिक तथा सांस्कृतिक इतिहास)

नेपाली
संस्कृत
अङ्ग्रेजी
संस्करण



राधेश्याम भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलेसी

तीर्थकाव्य

(हलेसीधामको धार्मिक तथा सांस्कृतिक इतिहास)

राधेश्याम भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलेसी

तीर्थकाव्य

(हलेसीधामको धार्मिक तथा सांस्कृतिक इतिहास)

विधा : काव्य
लेखक : राधेश्याम भट्टराई
संस्कृत अनुवाद : प्रा.डा. रामहरिदाहालः
अङ्ग्रेजी अनुवाद : सीताराम अधिकारी
संस्करण : २०८०
प्रति : ५०० प्रति
प्रकाशक : मञ्जु भट्टराई, विराटनगर-४, बरगाछी
ISBN : 978-9937-1-4699-9
सर्वाधिकार : प्रकाशकमा
मूल्य : रु. ३००।-
आवरण/लेआउट : केदार अधिकारी ९८५१०७२११६
मुद्रक : आवृत्ति छापाखाना
बागबजार, काठमाडौं

HALESI
(Epic)
by Radheshyam Bhattarai

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयक्रम

नेपाली खण्ड

- सम्मति– राष्ट्रकवि १
- सम्मतिका केही शब्दहरू– दैवज्ञराज न्यौपाने २
- दोस्रो संस्करणको भूमिका ४
- दुई कुरा ११
- प्रकाशकीय १२
- दोस्रो संस्करणमा आफ्नो भनाइ १३
- हलेसी १७

संस्कृत खण्ड

- सम्मतिः– राष्ट्रकवि माधवप्रसाद घिमिरे ५७
- द्वितीयसंस्करणे स्वकीयकथनम् ५९
- हलेसी ६३

अङ्ग्रेजी खण्ड

- Foreword- Madhavaprasad Ghimire 105
- A Few words on Halesi- Daibagya Raj Neupane 106
- Beautiful lyrical epic Halesi- Sita Ram Adhikari 107
- Writer's own words- Radheshyam Bhattarai 109
- Halesi 111

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली खण्ड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मति

राष्ट्रकवि

हलेसी हेरैं, हलेसी देख्न पाएको छैन । हेर्नु र देख्नुमा कति अन्तर छ ! कुनै काव्य पढ्नु र त्यसको मर्ममा पुग्नु त्यति नै अन्तर छ र कुनै तीर्थस्थलको दर्शन गर्नु र त्यसको रहस्य सम्झन सक्नुमा पनि त्यति नै अन्तर छ । यो पढ्दा पढ्दै हामी हलेसीमा पुग्दछौं । त्यहाँ गुफाको । अन्धकार हट्छ र त्यहीं कैलास देखिन्छ । यो कैलासको दर्शन नेपालका निवासी जुनसुकै जातिले हेरे पनि उही रूपमा देखिने सांस्कृतिक सुन्दरताको दर्शन हो । लोकलयमा लेखिएको श्रीराधेश्याम भट्टराईको यो हलेसी खण्डकाव्यले नेपालका यस्तै एकान्त सुन्दर रहस्यमय स्थलतिर यात्रा गर्न प्रेरणा प्रदान गर्नेछ- तीर्थयात्रीलाई र काव्यसौन्दर्यका यात्रीलाई पनि ।

२०४१।१०।१

माधवप्रसाद घिमिरे
उप-कुलपति
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मतिका केही शब्दहरू

दैवज्ञराज न्यौपाने

श्रीराधेश्याम भट्टराईले लेख्नु भएको 'हलेसी' तीर्थकाव्यको पाण्डुलिपि पढ्ने अवसर प्राप्त भएकोले अद्योपान्त पढें । शुरुदेखि अन्त्यसम्म नै एउटै छन्दमा लेखिएको प्रस्तुत काव्यले नेपाली लोकछन्द र लोकसंस्कृतिलाई आत्मसात् गरेको छ ।

देश भनेको माटो र ढुङ्गोमात्र होइन, त्यसभन्दा पर पनि देश उठेको हुन्छ- आफ्ना सांस्कृतिक वैभव र साहित्यिक चुलीहरूमा । यस अर्थमा देश ढुङ्गा र माटाको सीमाभित्र मात्रै पनि आबद्ध हुन सक्तैन । अमर कला र उर्वर मस्तिष्कले गर्दा देश विश्वसँग परिचय लिन पुग्दछ । 'हलेसी' तीर्थकाव्यलाई मैले यस्तै गोरेटोमा हिँड्ने एउटा यात्रीको रूपमा भेटेको छु ।

गीतिमय शैलीको गतिशील प्रवाहले गर्दा प्रस्तुत काव्य कोमल र कान्त बनेको छ । यसका स्वरसँग स्वर मिलाएर भन्दा यो काव्यलाई पनि खण्डकाव्य कै कोटिमा राख्नु पर्ने देखिन्छ । शास्त्रीय रौंचिच्याइँका दृष्टिले प्रस्तुत खण्डकाव्यको नालीबेली उतार्दा काव्यीय विस्तारका कतिपय कुरामा आंशिक रूपले छुन खोजेको किन नहोस्, युगसापेक्ष्य पर्यावरणभित्र यसले आफूलाई सन्तुलित राख्न खोजेको छ ।

पूर्वी नेपालको प्रसिद्ध तीर्थ 'हलेसी' का बारेमा खोजपूर्ण अध्ययन गरी राष्ट्रको सांस्कृतिक गरिमालाई काव्यिक रूप दिनु सामान्य कुरामात्र मान्न सकिन्न । परिचयात्मक रूपमा प्रस्तुत काव्यको आफ्नै प्रकारको सांस्कृतिक ओज ता छँदैछ त्योभन्दा पर साहित्यिक अनुभूतिगम्य उद्‌गारहरूले गर्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यकलेवरको स्वर्णमहलमा सुगन्धको आभाष मिलेको मैले अनुभव गरेको छु ।

कवि राधेश्याम भट्टराईले यस प्रकारको आफ्नो निजी सम्पत्तिलाई सार्वजनिक बनाउन चाहनु भएकोमा म उहाँको यश गाउँछु । यस्तै प्रकारको जाँगर उहाँमा चल्दै रहोस् । अब काव्य हाम्रो पनि हो । साहित्य र संस्कृतिको यस सङ्गमभित्र हामी पनि निर्माणका सपनाहरू देखौं । भोलिको संसार अझै रमाइलो भएर निक्लने छ । अहिले यतिमात्र भनेर विश्राम लिन्छु ।

२०४१ साउन २३ पञ्चकुमारीमार्ग, बानेश्वर
काठमाडौं

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो संस्करणको भूमिका

ज्ञानको अभ्यासको आधारमा मानिसको बुद्धि तिखारिने र चातुर्यको विकास हुने पद्धतिको प्रक्रिया सृजना गर्ने पहिलो व्यक्ति बुद्ध हुन् भनी किटान गर्न सकिन्छ । बुद्धभन्दा अधिको मानव-समाज सृष्टिका अन्य थलचर, नभचर र जलचरका पशुपन्छीझैँ आहार, निद्रा, भय र मैथुनमै अल्झिएको थियो भन्न सकिन्छ। यी चार कुराहरूको प्रयोग अन्य जनावरहरूले प्रकृतिको नियम अनुसार पालन गर्दै आए भने मानिसले चारै कुराहरूको अतिशय दुरूपयोग गर्दै आयो । यस्तो दुरूपयोगले सृष्टिको मुहानमा धक्का पर्न जाने हुँदा सुन्दर पृथ्वी र पृथ्वीका उत्पत्तिहरू चाँडो नाशवान्को बाटोतिर लाग्नु स्वाभाविकै थियो । अन्य मानव समाजका चिन्तनशील व्यक्तिहरूलाई यसको अनुभूति नभएको भने होइन । तर विश्वकै उच्च शिखर जसले नेपाल अधिराज्यको सुन्दरतामात्र नबढाई मान-सम्मान र आय आर्जनको मार्ग पनि प्रशस्त गरेको छ, त्यसैको तराई फाँटको एउटा सानो राज्यको राजकुमार सिद्धार्थ गौतम मानवसमाज र चराचरको संरक्षण र सम्बर्द्धनको मार्गको प्रतिपादन गरी सगरमाथा शिखर पुरुष बने। उनको जन्म राजकुलमा ६२४ ई.पू. मा भएको थियो । उनको जन्मको तिथिमिति किटान नभएको भए तापनि परिनिर्वाणको मिति २/३ वटा भएकोमा सन् १९५४ को थाइल्याण्डको विश्व - बौद्ध सम्मेलनले ई.पू. ५४४ लाई निर्वाणमिति किटान गर्दा र ८० वर्षको आयु जोड्दा यस्तो हुन पुगेको हो । ६ वर्षको सन्त जीवनको कठिन अभ्यासद्वारा उनले मध्यममार्गको किटान गरे । ३५ वर्षको उमेरमा उनले मृगदाय-सारनाथमा तपस्या गर्दाका पुराना मित्रहरूलाई आफ्नो सद्धर्म मार्गमा ल्याए । बौद्धधर्मको धर्मचक्रप्रवर्त्तन त्यही हो । उनका उपदेशहरू सरल र व्यावहारिक छन् । पहिलो हो बुद्ध, धर्म र सङ्घ । दोस्रो हो पञ्चशील-चोरी नगर्नु, नढाँट्नु, दुर्वचन नगर्नु, यौन दुराचार नगर्नु र दुर्व्यसनी नबन्नु । तेस्रो हो आर्य अष्टाङ्गिकमार्ग । यो आठ मार्गमा मानिस हिंड्न सके व्यक्ति, समाज र राष्ट्र आदर्श बन्न सक्छ । चौथो हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परस्परावलम्बी सिद्धान्त, जसबाट शून्यताको बोध हुन्छ। उनका उपदेशको सार सङ्क्षेप चाहिँ मानिस करुणामयी बन्नु पर्दछ अनि मानिसमात्रको उत्पत्ति संयोगले एउटै हो। सबै वस्तुहरू संयोगकै उत्पत्ति हुन्। स्रष्टा थिए र छ भन्ने तर्क भ्रमात्मक हो। भ्रम धारणाहरूको कारणले मनुष्यसमाज नाशतिर जान सक्छ।

बुद्धको ४५ वर्षको निरन्तर उपदेशमा जीवनका १२ कडीहरूलाई प्रकृतिको प्रवाहसँग गाँसेको पाइन्छ। उनले न त स्वर्गको विषयमा बोले, न त ईश्वरको या सृष्टिकर्ताको। उनले किन बाँच्ने पनि भनेनन् तर कसरी बाँच्नु पर्दछ भन्ने कुरामा थुप्रै उपदेश गरे। उनले दुःखले भरिएको मानव-जीवनलाई जीवनपद्धतिमा ढाली सुखमय बनाउँने र आनन्दसँग ब्रह्मनालमा तेर्सिने उपदेश गरे। उनी भन्नेगर्थे, जन्म नै मृत्युको प्रारम्भ हो, अनि 'साधन र साध्य एउटै धागो हो।'

बुद्धको त्यही उपदेशलाई पण्डित अश्वघोषले संस्कृत साहित्यमा सिँगारे। यस्तो शृङ्गार सम्भवतः ईसाको पहिलो शताब्दीको प्रारम्भतिर भएको थियो। त्यही साहित्यको व्यापकता चीनमा भयो भने चीनबाट बुद्धका उपदेशहरू अंग्रेजी भाषामा पनि सिँगारिन पुगे र युरोपवासीले पनि बुद्ध के हुन् भनी चिन्न थाले। तिनैले बुद्धलाई 'एशियाको प्रकाश' को उपाधिले विभूषित गरे। अश्वघोषको बौद्ध साहित्य महासाङ्घिक अर्थात् महायानशाखाको विकास थियो। यसको विकास चीन, जापान, कोरिया, कम्बोडिया, मङ्गोलिया, ल्हे लद्दाक, तिब्बत र नेपालमा भयो भने स्थविर अर्थात् थेरवादको विकास बर्मा, श्रीलङ्का र थाइल्याण्डमा भयो। यसको स्रोत पनि बुद्धको निर्वाणको तीन महिना पछिको राजगृहको महास्थविरको अध्यक्षताको परिषद्कै पहिलो र दोस्रो बैठकहरूको परिणाम हो।

एक सय पचास र दुई सय ईस्वीको बीचमा नागार्जुनले बुद्धका उपदेशहरूमा नयाँ-नयाँ अद्‌भुतताहरू थपे। यसले महायानी शाखालाई ज्यादै बलियो बनायो। महाङ्कालको सृजना गरी सर्वसाधारण वर्गको नजिक बौद्धधर्मलाई पुऱ्याइयो। बुद्धका उपदेशका संरक्षक देवदेवी र तारा (डोल्मा) हरू को सृजना गरियो। तान्त्रिक बौद्धधर्मको उदयको कारण नै यिनै हुन्।

बौद्धधर्ममा जुनसुकै शाखाको महागुरु बुद्ध हुन् भने विभिन्न शाखाका आफ्ना आफ्नै गुरुहरू छन्। लामायान / वज्रयानशाखाको गुरु पद्मसम्भव हुन्। बुद्धको उपदेशलाई अश्वघोषले तथागतको निर्वाणको ४।५ सय वर्षपछि संस्कृत भाषामा विस्तारपूर्वक वर्णन गरेका थिए भने नेपाल अधिराज्यको अनकन्टार जिल्ला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खोटाङको हलेसीगुफा (भोट-बर्मेली भाषामा 'मारातिका') को वर्णन राधेश्याम भट्टराईले गर्नुभएको छ । आठौं शताब्दीको बीचमा लामायान बौद्धशाखाका संस्थापक पद्मसम्भव अर्थात् गुरु रिन्पोचेले त्यस गुफामा तपस्या गरेका थिए । कवि राधेश्याम भट्टराईको एउटा बखानः-

'सफल भयो तपस्या त्यहीं ती गुरु रमाए
अमर जीवन पाएर बाटो गुरुले समाए
पावनभूमि गुरुको तपस्थलको बयान
यो मारातिका गर्दछ सधैं पुण्यको बखान ।'

नेपाल अधिराज्यले माल त पायो तर चाल पाउँन सकेन । मारातिकागुफा सम्पूर्ण लामायान बौद्धधर्मको अत्यन्त ठूलो तीर्थस्थल हो । त्यहाँ तीर्थयात्रीहरूले कुनै पनि सुख-सुविधा पाउँदैनन् । तसर्थ तिनीहरूले पनि मलमुत्र बाहेक केही पनि छाडेर जाँदैनन् । बुद्धको ज्ञान र सचेततालाई व्यावहारिक र व्यावसायिक बनाउँन नसकिएको व्यहोरा यसैबाट थाहा पाइन्छ । राष्ट्रको समृद्धिको टेवा धार्मिकस्थलहरू पनि हुन सक्छन् भन्ने तथ्यलाई कसैले पनि बिर्सनु हुँदैन । यस्ता सम्पदा भएको यो मुलुक धनी छ

जहाँ सद्धर्मको उदय भयो, त्यहीं राजा हर्षबर्द्धन, जसले उत्तर भारतको एकीकरण गरेका थिए, उनैको मृत्युपछि सुषुप्त अवस्थामा पुग्यो । सायद त्यो काल थियो ई. ६५० को । उनका उत्तराधिकारी नभएकाले उनको मृत्युपछि उनकै मन्त्री अर्जुन राजा बने । हर्षबर्द्धन नै भारतका राजा छन् भनी चीनको कोसेलीपात सहित एउटा बौद्ध प्रतिनिधि - शिष्टमण्डल त्यहाँ आइपुग्दा राजा अर्जुनले स्वागतको सट्टा सबैलाई मार्ने आदेश दिए । किनभने यी बौद्धधर्म विरोधी थिए । दैवसंयोग शिष्टमण्डलका नेता र एउटा सदस्य जसोतसो ज्यान जोगाई नेपाल आइपुगे । त्यसताका तिब्बतका बादशाह अत्यन्त तेजस्वी थिए । ससुरालीको त्यो दुर्दशा सहन गर्न नसकी तिब्बत र नेपालबाट फौज पठाई भारतमाथि आक्रमण गरे । आखिर अर्जुनको हार भयो अनि उनलाई तिब्बत पुऱ्याइयो । स्रङ - चन- गम्पोले भने 'यसले चीनमाथि अपराध गरेकोले यसलाई चीनतिर नै पठाइदेऊ ।' चीनले अर्जुनलाई कस्तो सजाय दियो, त्यो अनुसन्धानकै विषय छ ।

बुद्धवचनहरू सुषुप्त अवस्थामा पुगेपछि अवस्थामा पुगेपछि बौद्ध विद्वानूहरूले बुद्धवाणीको संरक्षकको रूपमा देवदेवीहरूको सृष्टि गरे । पहिला हुन् महाङ्काल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाङ्कालले मानिसलाई प्रकृतिको अद्भुततातिर आकर्षण गर्न सफल भए। दोस्रा हुन् चार महाराजिकाहरू : (१) धृतराष्ट्र-भोट-बर्मेली भाषामा युल्खोर सुङ; (२) विरूपाक्ष - भोट-बर्मेली भाषामा च्यन - मिजाङ; (३) विरुढक- भोट-बर्मेली भाषामा फग्क्येपो र (४) वैश्रवण- भोट-बर्मेली भाषामा नाम्थो स्या। उत्तरप्रवाहको बौद्धधर्मका देवी - देवताहरू पनि बुद्धका उपदेशका आवरण बाहेक अरु केही होइनन्। यसको सत्यता बुझ्न गहन अध्ययनको आवश्यकता पर्दछ। त्यसैले बौद्धधर्मलाई गहन महासागर भनिएको हो। विज्ञान, प्रविधि र मानिसको बुद्धिको पराक्रमले यन्त्र मार्फत मानिस चन्द्रमामा ओर्ले। इस्लामधर्मावलम्बीहरूको चन्द्रमा आस्थाका देवता हुन्। मानिसले चन्द्रमा टेकेको सत्य हो। सत्यताको पारख सबैले गर्नै पर्दछ। धेरै टाढाको रातो मङ्गलग्रहमा यानको अवतरण भइसक्यो। मानवले त्यहाँ पुग्न धेरै वर्ष कुर्नु नपर्ला। तर पनि साईबाबाले मुखबाट सुनको सिक्री, गणेश, औंठी आदि र खालि हातबाट विभूति बर्साउनु परेको छ र त्यसैको आधारमा मानिसको चेतना जगाई मानव-कल्याण र विकासको अभिबृद्धि गरिरहनु परेको छ। साईबाबाको क्रियाकलापको सत्यता त 'संसारमा एउटै मात्र धर्म छ, त्यो धर्म हो प्रेम।' बडेबडे व्यक्तिहरूको एक्काइसौं शताब्दीको धक्कु के को लागि हो, बुझ्न सकिएको छैन। सत्यता त बुद्धम्, धम्मम् र सङ्घम् शरणम् गच्छामि होइन र ?

तिब्बतका वादशाह स्रङ - चन- गम्पोले सातौं शताब्दीमा नेपालकी राजकुमारी भृकुटी र चीनकी राजकुमारी वेनचेङ्गलाई विवाह गर्नुनै भारतवर्षमा उदय भएको बौद्धधर्मको आश्रयस्थल भोट बन्नु हो। दुबै राजकुमारीहरूले बुद्धको प्रतिमा त्यहाँ पुऱ्याएकोले गर्दा नै बोनधर्मको प्रभाव रहेको तिब्बतमा ताड्रुग, जोखाङ र रामोचे गुम्बाहरूको निर्माण भयो। वादशाहले गुम्बाहरूको निर्माण प्रारम्भमात्र गरेका होइनन्, उनले बुद्धवाणीहरूलाई भोट-बर्मेली भाषामा अनुवाद गर्न तिब्बती लिपिको पनि निर्माण गराए। उनको सत्कार्यले तिब्बतबाट बलिप्रथामा आधारित बोनधर्मको लोप भयो। अर्कातिर 'त्रिपिटिका' भोट-बर्मेली भाषामा सुरक्षित रहन पुग्यो। बुद्धको वास्तविक वचनको अर्थ बुझ्ने हो भने कङ्ग्युर र तेङ्ग्युरको अध्ययन अनिवार्य छ।

लगभग एक सय वर्षपछि तिब्बतका अठतीसौं वादशाह त्रिसुङ्ग देक्षेणले नेपालबाट बौद्धविद्वान् शान्तरक्षितलाई ल्हासा बोलाए। शान्तरक्षितको परामर्श अनुसार नै भारतबाट पद्मसम्भव अर्थात् रिन्पोचे गुरुलाई ल्हासा बोलाइएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्मसम्भवको जन्म अध्ययन र अन्य क्रियालकापहरूको विषयमा कविता एवं गद्यको माध्यमबाट कविले प्रशस्त प्रकाश पार्नु भएको छ। उनी महाविद्यालयमा प्राध्यापनको अतिरिक्त मसानघाटहरूमा तपस्या पनि गर्दथे। तर्कनाशक्ति पनि अद्भुत थियो। तिब्बत प्रस्थान गर्नु अघि काठमाडौं उपत्यकाको सेरोफेरोमा चार वर्ष जति गुजारे। हलेसीगुफाको तपस्याको अतिरिक्त उनले टिस्टुङको ओडारमा तपस्या गरे। त्यसपछि 'याङ्ले शो' अर्थात् वर्तमान फर्पिङको ओडारमा तपस्या गरे, जहाँ अचेल बौद्धगुम्बाहरू प्रशस्त बनेका छन्। आजको नकारात्मक द्वन्दको युगमा यो पनि सानो कुरा होइन। शोभाभगवतीको मसानघाटमा पनि उनले तपस्या गरी शक्तिसञ्चय गरेका थिए भन्ने उनका जीवनकथामा वर्णन गरिएको पाइन्छ। बौद्ध त उनको तिब्बततिरको वास्तविक तथ्य पत्ता लगाउने केन्द्रबिन्दु नै थियो। बुद्धको वचन जे भए पनि तन्त्रवादी लामायानमा बुद्धको निर्वाणपछि आठ वर्षमा ध्यान - कोशतालको कमलको फूलमा उनको उदय भएको विश्वास गरिन्छ। बुद्धको वचन अनुसार मानिसको वंश (जिन) एउटै भए तापनि तिब्बतीहरू आफूलाई बाँदर र राक्षसनीको सन्तान ठान्दथे। मानिसको बुद्धि तिखारिँदै गएपछि सृष्टिको विषयमा युग अनुसार चिन्तन- मनन हुँदै गयो। मैरै गोठाले जीवनको कथा अझै मलाई रमाइलो लाग्छ। गट्टी, चट्टी, डण्डिबियो, चिप्ली, ढुकुमुकु आदि खेलहरूबाट थकित भएपछि एकै ठाउँ बसी कथाको प्रारम्भ हुन्थ्यो। धेरै कथाहरू बिर्सिएर गए पनि एउटा कथाचाहिँ पटक्कै बिर्सन सक्दिन। त्यो कथा यस्तो छ- 'ब्रह्माले पृथ्वी धान्न सुनको मान्छे बनाए रे! प्राण हाल्न 'ए मनुवा बोल' भन्दा बोलेन रे! त्यसपछिको चाँदीका र अन्य धातुहरूबाट निर्मित मानिस पनि बोलेनन् रे! आखिरमा कुखुराको सुली, माटो र गोबरबाट निर्मित मानिसले 'हजूर' भनी बोल्यो रे!' पद्म काथाङ्मा यस्तै असम्भव कुराहरूको वर्णन पनि गरेको पाइन्छ। त्यसलाई निफन्न सक्नु आजको बौद्धिक समुदायको काम हो। तर विज्ञान र प्रविधिलाई विधि र शीलहरूको घेरामा राख्न सक्नु विवेक, बुद्धि र क्रियाकलापमा भर पर्दछ।

कसैले भनेका छन्, 'एउटा कलमको टुँडो र सय नाल बन्दूक बराबर हुन्छ।' पण्डित अश्वघोषले काव्यको सृजना गर्दा बुद्धवाणीहरूमात्र व्यापक नभई भारतवर्षमा साहित्यको सृजना समेत भयो। बाबरले (१५०५ ई.) मा आफू राज्य फैलाउँन र व्यवस्थित गर्न व्यस्त रहनु पर्ने भएकोले रानीहरू र अन्य दरबारियाहरूलाई निराश नहोऊन् भनी प्रारम्भ गरेको वाद्ययन्त्रहरू, नृत्य र गीत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- सङ्गीत आजको भारतको अमूल्यनिधि बन्न पुग्यो । त्यसरी नै कवि राधेश्याम भट्टराईले लेख्नु भएको 'हलेसी' नेपाल अधिराज्यको प्रकाश बन्दैन भनेर कसले भन्न सक्छ ?

लामायानशाखाको जुनसुकै शाखाले पनि पद्मसम्भव अर्थात् गुरु रिन्पोचेको प्रार्थना यसरी गर्दछन् :-

उगेन युलकी नुप छाङ क्षाम
पेमा केसर दोङ पो ला
याक्षेन चोक गी ङो ड्रुप ने
पेमा जुङने से सु द्राक
खोरडु खान्द्रो माङपोकोर
खेकी की जेसु दागड्रुप की
चिन्गी लवचिर शेग सु सोल
गुरु पद्म सिद्दि हुँ
ओम् आ हुँ वज्र गुरु पद्म सिद्दि हुँ

उपर्युक्त प्रार्थनाको सरल अर्थ यस्तो हुन्छ- 'उड्डियाना मुलुकको पश्चिम उत्तरको (ध्यानकोशताल) कमलको फूलको बीचमा अभूतपूर्व ज्ञान सहित उदाउँनु भएकोले तपाईंको नाम 'कमलको जन्म' प्रसिद्ध भयो । कैयौं डाकिनीरूको घेराउ र आतिथ्यमा रहनुभएको तपाईको पाउको अनुसरण गर्दै तपाईंको आशीर्वाद र गरिमा प्राप्त होस् भनी प्रार्थना गर्दछु । गुरु पद्म सिद्दि हुँ ।'

बौद्धमार्गीहरूले के ख्याल राख्नु पर्दछ भने गौतम बुद्ध न त नास्तिक थिए न त आस्तिक नै । उनले शक्तिको उत्पत्ति सम्बन्धी परस्परावलम्बी सिद्धान्त प्रतिपादन गरेका छन्। परस्परको सहयोगमा शक्तिको सृजना हुन्छ र एउटाको नाश हुँदा शक्तिको क्षय हुन्छ । त्यो एउटा वस्तुको अस्तित्व शून्य हुन्छ । अर्को कुरा उनले मानव जीवनमा १२ कडीहरूद्वारा मानवशक्ति उत्पन्न हुने कुरा बताएका छन् । यो छोटो भनाइमा सङ्केत बाहेक केही गर्न सकिन्न । चासो राख्नेले गहन अध्ययन गर्नै पर्दछ । बुद्धको उपदेशमा कर्म र शून्यता महत्त्वपूर्ण सिद्धान्तहरू हुन् ।

कवि राधेश्याम भट्टराईले नेपाल अधिराज्यको धर्महरूद्वारा प्रेरित संस्कृति सम्बन्धी पनि प्रकाश पार्नु भएको छ । हिन्दू आस्था अनुसार कैलाश पर्वत नै शिव हो । लामायान बौद्धहरूको विश्वास अनुसार गाङ रिन्पोचे हो । कैलाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्वतको शृङ्खलालाई गाङ दिसे पनि भनिन्छ । गाङ भोट-बर्मेली भाषाको शब्द हो भने दिसे संस्कृत शब्द हो । दुबैको अर्थ एउटै भएपनि दुइटा शब्दको एउटै शब्द बन्न पुगेको छ । मानसरोवर (छो- माफाम) दुबै आस्थाको मिलनबिन्दु भएको छ । विशेषतः हिन्दूहरूले ढोग्दै पूजा गर्ने धार्मिकग्रन्थ महाभारतकी द्रौपदीको पाँच भाइसँग विवाह भएजस्तै बहुपतिप्रथा हिमाली भेग र तिब्बतका कतिपय समुदायमा अद्यापि प्रचलित छ । तसर्थ देश, काल र परिस्थितिले मानव समुदायहरू भिन्नभिन्न देखिएपनि बुद्ध वचन अनुसारको एउटै संयोगको उत्पत्ति र वंश हुन आउँछ । संयोगको उत्पत्तिका सारा वस्तुहरू परिवर्तनशील र अनित्य भएको व्यहोरा बुद्ध वचनबाट नै स्पष्ट छँदैछ । यस्ता व्यक्तिको वाणीहरू उनको निर्वाण पछि लगभग साढे पाँचसय ईसापूर्वतिर पालिभाषामा लिपिवद्ध गरिंदा परिचित्तमा जोड दिएको थियो । यो मृत्युञ्जय पाठ वा मन्त्र पहिलो, दोस्रो, तेस्रो र चौथो शताब्दीतिर संस्कृत भाषाको 'परित्राण' मा रूपान्तरण भयो । त्यही शब्द आठौं, नवौं शताब्दीतिर तिब्बतमा भोट-बर्मेली भाषाको शब्द 'वार्देल ठोटुल'मा रूपान्तरण भयो । यस्तो काम गुरु रिन्पोचे अर्थात् पद्मसम्भव अर्थात् पद्मकाराबाट भएको हो । यस्तो अपूर्व व्यक्तिले तपस्या गरेको नेपाल अधिराज्यको हलेसी अर्थात् मारातिकाको उजागर एक्काइसौं शताब्दीमा कवि राधेश्याम भट्टराईले गर्नु भई लामायान / वज्रयान सम्प्रदायमाथि ठूलो गुण लगाउनु भएको छ, जसको निमित्त हामी ऋणी छौं । चारै सम्प्रदाय (१. निङ्गमापा, २. शक्यपा, ३. कग्युपा र ४. गेलुक्पा) को ठेलीहरूको सारांश एउटै हो । 'समस्त मानवले आनन्द प्राप्त गरून् अनि आनन्दका कारणहरू प्राप्त गरून्, समस्त मानव महान् सुखबाट विमुख नरहून्, दिल र दिमागमा भिन्नता भएपनि र हेतु - प्रत्ययमा अन्तर रहेपनि मानव मायामोहका जालमा नफसून् र करुणामयी बनून् ।'

'हलेसी' पुस्तक अध्ययनयोग्य र लाभदायक रहेकोमा कुनै शङ्का छैन । हलेसी अर्थात् मारातिका दुई आस्थाको सङ्गमस्थल हो । राष्ट्र अग्रगामी बन्ने हो भने त्यसलाई करुणामयी स्थल बनाउँनु पर्दछ । पर्यटकको चिन्ता लिनु पर्दैन ।

वैशाख २९, २०६१

वानेश्वर, काठमाडौं ।

– पासाङ गोपर्मा

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुई कुरा

सगरमाथा अञ्चल, खोटाङ्ग जिल्लाको एउटा प्रसिद्ध तीर्थस्थलको नाउँ हो - हलेसी। ऐतिहासिक झझल्को, पौराणिक मान्यता, पुरातात्त्विक महत्त्व र सांस्कृतिक सम्पदाका दृष्टिले सर्वाधिक महत्त्वपूर्ण स्थान बन्न गएको आश्चर्यजनक रहस्यमय हलेसीगुफा नैसर्गिक विचित्रता र विविधताको अद्‌भुत चमत्कारका लागि विख्यात भएकोले मान्छेको ध्यान यतातिर आकर्षित गर्ने जमर्को गरेको हुँ

'हलेसी' तीर्थकाव्य झिँजो नमानी शिरदेखि पुछारैसम्म पढेर सल्लाह एवं सुझाव दिनुका साथै 'सम्मति' र 'सम्मतिका केही शब्दहरू 'लेखी मलाई उत्साहित गर्नु भएकोमा कविवर श्री माधवप्रसाद घिमिरेज्यू र कवि श्री दैवज्ञराज न्यौपानेज्यप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु।

राधेश्याम भट्टराई

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

नेपालका प्रमुख तीर्थस्थलहरूमध्ये हलेसी महादेवस्थान पनि एक हो । त्यहाँ तीनवटा प्राकृतिक गुफाहरू छन् । मुख्य गुफामा श्रीहलेश्वर महादेव विराजमान भएको देखिन्छ । अरू दुई गुफामा बसाहा (नन्दी) र भैरवका मूर्ति छन् । ती गुफाहरू ठुल्ठूलामात्र होइन अनौठा र मन लोभ्याउँने खालका पनि छन् । पुण्य कमाउँन जाने धार्मिक पर्यटकहरू गुफाको आश्चर्यजनक बनावट देखेर छक्क पर्दछन् । यी महादेवसँग जे मागे पनि पुग्ने हुँदा श्रद्धालु दर्शनार्थीहरूको त्यहाँ भीड लाग्ने गर्दछ । हलेसीमा मनले चिताएको कुरा माग्न, भाकल गर्न हिन्दूहरू पनि जान्छन्, बौद्धहरू पनि जान्छन् । दुबै धर्म मान्ने धार्मिक भक्तजनहरूका लागि हलेसी महादेवस्थान पुण्यदायक ठूलो तीर्थस्थल हो । यस्तो पवित्र तीर्थस्थलको महिमा वर्णन गरी काव्यात्मक रूप दिइएको र पाठकहरूद्वारा रुचाइएको 'हलेसी' (तीर्थकाव्य) को दोस्रो संस्करण थुप्रै थप सामग्रीका साथ प्रस्तुत गरिएको छ । आशा छ - यो परिष्कृत तथा परिवर्तित संस्करण अझ प्रिय रुचिकर र उपयोगी हुनेछ ।

रात्रा लामीडाँडा, खोटाङ

कल्पना भट्टराई

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो संस्करणमा आफ्नो भनाइ

नेपाली वाङ्मयको विपुल भण्डारमा सबभन्दा सबभन्दा बढी लेखिने साहित्यिक विधा कविता - काव्यविधा नै हो । विधागत दौडमा कविता- काव्यविधा जति नै अगाडि भएपनि बजारव्यवस्थापनमा भने यसले अझै जरा गाड्न सकेको छैन । पाठकद्वारा अधिकाधिक रुचाइने विधा भएरपनि कविता - काव्यविधा बिक्रीका हिसावले अरू विधाभन्दा पछौटे विधामा पर्ने तीतो यथार्थ छ । यति हुँदाहुँदै पनि कविता - काव्यहरूको बाढी छुट्नु नेपाली साहित्यको श्रीबृद्धिको लागि ज्यादै उज्यालो पक्ष हो ।

२० वर्ष अगाडि प्रकाशित मेरो तीर्थकाव्य 'हलेसी' का दुईखाले पाठक छन् । एकखाले बौद्धिक पाठकहरू काव्यभित्र शिवतत्त्वका अतिरिक्त गुफाको रहस्यमयता पनि खोज्ने / बुझ्ने गर्दछन् भने अर्काखाले साधारण पाठकहरू लोकलयमा लेखिएको काव्यकृतिको माध्यमले जनजिब्रो फट्कार्दै भाका हालेर नाच्दै गाउँदै गुफाभित्र शिवपार्वतीको दर्शन गर्न पुग्दछन् । नेपाली जनजीवनलाई मोहित पार्ने लोकलयात्मक छन्दले गर्दा पनि सर्वसाधारण पाठकहरूलाई काव्यको मर्म बुझ्नेभन्दा हलेसीधामको महिमा बुझ्न सघाएको अनुभूति हुन्छ । आशा छ भविष्यमा पनि दुबैखाले पाठकहरूको माया यथावत् रहने नै छ ।

विविध कारणवश 'हलेसी' (तीर्थकाव्य) को दोस्रो संस्करण प्रकाशित हुन सकेको थिएन । भौगर्भिक चमत्कारिकताभित्र देदीप्यमान प्रसिद्ध तीर्थस्थल हलेसीधामको माहात्म्यगुम्फित काव्यात्मकताप्रति पाठकहरूले देखाएको ममताले गर्दा यो संस्करण छाप्ने हिम्मत पलाएको हो । यो निक्कै परिवद्धिधत संस्करण बनेको छ । काव्यात्मक अंशमा पनि हलेसीधामसम्बन्धी पछिल्ला खोजलाई अद्यावधिक गरिएको छ भने परिशिष्टको क्षेत्र बढी उपयोगी र सूचनामूलक बनाउँने ध्येयले विस्तार गरिएको छ । काव्यात्मकताका साथै हलेसीधामको धार्मिक तथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सांस्कृतिक इतिहास उजागर गर्ने उद्देश्यबाट प्रेरित भई व्यापकक्षेत्र सँगेटिएको हो । सङ्क्षेपमै भए पनि हलेसीधामको इतिवृत्तात्मकता झल्काउँने चेष्टा गरिएको छ । सनातन हिन्दू र बौद्धधर्मावलम्बीहरूको अतिपावन तीर्थस्थल भएकोले दुबै धर्म र दर्शनका सम्बन्धमा सङ्क्षिप्त जानकारी दिन आवश्यक ठानियो । दोस्रो बुद्ध मानिने गुरु पद्मसम्भवले तपस्या गरी अजम्बरीत्व प्राप्त गरेको तपोभूमि र सनातन हिन्दूधर्मावलम्बी जगद्गुरु शङ्कराचार्यहरूजस्ताले आराधित पवित्र शिवालयका रूपमा रहेको हलेसीगुफाको धार्मिक तथा सांस्कृतिक इतिहासको सिंहावलोकनमात्र गर्दा पनि गद्यात्मक परिशिष्टभाग विशद हुन गएको छ । 'संक्षिप्त नेपाल इतिहास' मा उल्लिखित किराँती राजाहरूको ऐतिहासिकता पुष्टि गर्ने भरपर्दो आधार प्राप्त भैनसकेतापनि विशेषतः हलेसी लगायत वराहक्षेत्र आदि प्रसिद्ध तीर्थस्थलहरूको उल्लेखप्रति ध्यानाकर्षण गरिएको हो । इतिहासका अध्येताहरूबाट ऐतिहासिकताको गवेषणा हुँदै जाला ।

हलेसी तीर्थस्थल अनेकत्वमा एकत्वको द्योतक हो, हाम्रो धार्मिक सहिष्णुताको प्रतीक पनि हो । त्यसैले यस तीर्थस्थलको परिचयात्मक सम्बद्धताका लागि पनि नेपाल आमाका सपूत विश्वशान्तिका अग्रदूत गौतम बुद्ध र बौद्धदर्शन तथा सनातन हिन्दूधर्मका धरोहर जगद्गुरु आद्य शङ्कराचार्य र अद्वैत वेदान्तदर्शनको संक्षिप्त चर्चा गरिएको छ । यहाँनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रियक्षेत्रमा समेत चर्चित हिन्दू तथा बौद्धहरूको समान आस्था र श्रद्धायुक्त तीर्थस्थल हलेसीधामको अतुलनीय सांस्कृतिक तथा प्राकृतिक सम्पदासंरक्षणका लागि यसलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न ढिला भैसकेको छ भन्दा अतिशयोक्ति हुनेछैन ।

बुद्धको देश नेपाल गुरु पद्मसम्भवको तपोभूमि पनि हो । यहाँ प्राचीनकालदेखि नै बौद्धधर्म, दर्शन र संस्कृतिको अध्ययन, अध्यापन, अनुसन्धान हुँदै आएको छ । विश्वविद्यालयहरूमा स्नातकोत्तरतहसम्म बौद्धदर्शनको पढाइ हुने गरेको र बौद्धधर्मदर्शन सम्बन्धी अध्ययन अनुसन्धानको लागि लुम्बिनी विश्वविद्यालय यथाशीघ्र स्थापना गर्ने प्रयास भइरहेको परिप्रेक्ष्यमा गुरु पद्मसम्भवको सम्बन्धमा अझ व्यापक अन्वेषण हुनु जरुरी छ ।

हलेसी-मारातिकागुफामा तीन महीनासम्म बसी कठोर तपस्या गरेर चिरञ्जीवीत्व प्राप्त गरेका तिब्बती बौद्धधर्मका आदिगुरु पद्मसम्भवको जीवनलीलामध्ये हलेसीधामसँग सम्बद्ध जीवनीपक्षबारे यथासम्भव अध्ययन- अनुसन्धान गरी यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाविष्ट गर्ने चेष्टा गरिएको छ । गुरु पद्मसम्भवका काम पनि धेरै छन्, नाम पनि धेरै छन् । लीला अद्भुत छ । चरित्रवर्णन गरिनसक्नुमात्र होइन अपरम्पार छ, पत्यार गरिनसक्नु छ । उनका कतिपय लीलाकर्महरू भगवान् श्रीकृष्णको अलौकिक चरित्रसँग ठ्याम्मै मेल खान्छन् भने कतिपय चारित्रिकलीलाहरू अघोर देखिन्छन्, डरलाग्दा छन् र उदेकलाग्दा पनि छन् । तर म त्यतातिर जाँदै जान्न । उनको जीवनचरित्रको सम्पूर्ण पक्ष उद्घाटित गर्ने मेरो इरादा हुँदै होइन । मैले गरेको चर्चा केवल शिला खोजाइजस्तै हो ।

ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, प्राकृतिक तथा पर्यटकीय सम्पदाका दृष्टिले अत्यन्त महत्त्वपूर्ण हलेसीधामलाई प्रतिपाद्य विषय बनाई रचना गरिएको 'हलेसी' (तीर्थकाव्य) को काव्यिक रसास्वादनका अतिरिक्त हलेसी महादेवस्थानको माहात्म्यका बारेमा जिज्ञासा राख्ने र दर्शनार्थ त्यहाँ जान चाहने तीर्थयात्री - पर्यटकहरूलाई विशेष सुविधा पुगोस् भन्ने हेतुले एउटा यात्रीका लागि अति आवश्यक पर्ने सूचनामूलक विषयवस्तु यहाँ थप गरिएको छ ।

राष्ट्रनायक श्री ५ ज्ञानेन्द्र तथा श्री ५ बडामहारानी कोमलबाट हलेसी सवारी भै श्री हलेश्वर महादेवको दर्शन तथा पूजा-आराधना गरिबक्सेको प्रसङ्ग विशेष स्मरणीय छ ।

हलेसी महादेवस्थानको अलौकिक महिमा, पौराणिक गाथा र लौकिक अनुश्रुतिबारे महत्त्वपूर्ण जानकारी दिनुहुने ऋषिकल्प मिर्चेयूया बाबा श्रीदामोदरानन्द ब्रह्मचारी तथा हलेसीका महन्त स्व. धनबहादुर गिरीप्रति विशेष अनुगृहीत छु ।

त्यसैगरी दोस्रो संस्करण तयार गर्ने क्रममा मन्त्री श्रीकृष्णलाल थकाली, राष्ट्रियसभाका सदस्यद्वय डा. रूपज्योति र श्रीमती याङ्किला शेर्पा, पूर्वसांसद श्रीलघुधन राई, विद्वान्हरू डा. काशीनाथ न्यौपाने तथा श्रीमीनबहादुर शाक्य र सहृदयी श्रीमनोहरप्रसाद भट्टराई, श्रीवीरेन्द्रबहादुर कार्की, श्रीधर्म लामा तथा श्रीलेशमणि दाहालहरूबाट प्राप्त अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

रचनात्मक सल्लाहका साथै दोस्रो संस्करणको भूमिका लेखी हलेसीधामको गौरवगाथा बखान गर्ने क्रममा मलाई समेत प्रोत्साहित गर्नुहुने विद्वान् श्रीपासाङ गोपर्माप्रति कृतकृत्य छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संस्करणमा आदरपूर्वक सन्दर्भ - सामग्री उद्धरण गरिएका सम्बद्ध पुस्तक तथा पत्र-पत्रिकाहरूका श्रद्धेय लेखक, अनुवादक, सम्पादक एवं प्रकाशकहरूप्रति आभार प्रकट गर्दछु ।

मेरा गुनिला सहयोगीहरू जस्तै- आफ्नो तुलिकाद्वारा हलेसीको मुखमण्डल सिँगार - पेटार गर्ने कवि - कलाकार श्रीरमेश पौडेल, सम्बद्ध केही तस्वीर उपलब्ध गराउँने श्रीराजकुमार खतिवडा, श्रीपरमेश्वर पौडेल तथा श्रीगजुरधन राई, काव्यलाई कम्प्यूटरमा ढाली छाँटकाँट मिलाउने श्रीराजन घिमिरे, मलाई स्वस्फूर्त रूपमा सघाउँन तम्सिने श्रीकेशव आचार्य, श्रीप्रदीपकुमार नेपाल, श्रीवंशीराज पौडेल तथा श्रीउत्तम गिरीहरूले लगाएको गुनका लागि हृदयतः साधुवादको फूलपाती र प्रसाद बाँड्दै प्रकाशनखर्चको बोझिलो भारी बोक्ने मायालु कल्पनालाई शतशः धन्यवाद ।

असोज २०६१
'कल्पना- कुञ्ज' अनामनगर, काठमाडौं । राधेश्याम भट्टराई

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलेसी

सृष्टि नै चोखो रहस्य हो कि मिर्मिरेभित्रको
अतीत बोल्ने गौरवगाथा अन्तरदिलको
उत्तराखण्ड संस्कृतिपुञ्ज हिमाली ढकनी
पवित्र गङ्गा वहन्छ मनको हुँदैन छेकनी

कैलाशवारि, कैलाशपारि शिवको वास छ
मेची र काली यो फूलबारी गौरीको चास छ
गणका गण लिएर हिँड्ने गणेश यहाँ छन्
भलाइ गर्न कम्मर कस्ने कुमार यहाँ छन्

तकनीभित्र धुकधुकी हुन्छ म भन्ने नेपाल
हिमाल चढ्दै, हिमाल झर्दै म घुम्छु नेपाल
आँखाको नानी जत्तिकै प्यारो यो मेरो हिमाल
नेपाल मेरो, हिमाल मेरो सधैं छ विशाल

देवता घुम्ने एकान्त शान्त यो देवभूमि हो
महर्षि आई तपस्या गर्ने यो तपोभूमि हो
सिद्धिका निम्ति साधनाकेन्द्र, प्रेरणाकेन्द्र यो
मुमुक्षुलाई गन्तव्य पुग्ने हो मोक्षकेन्द्र यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ढुङ्गामै कुँदे ऋषिले यहाँ ज्ञानको भण्डार
चरीले आई पातमा लेख्ने संस्कृति-भण्डार
हिमालदेखि मान्द्रिदै भर्ने प्रकृति - गलैंचा
ओखती मूलो काखमै फल्ने वैद्यको बगैंचा

छहरा छाँगा छङ्छङ छर्छन् शान्तिको सुसेली
जडी र बुटी वनका हुन्छन् सौगात कोसेली
म भन्ने वस्तु छ भने यौटा नेपालमात्रै छ
सभ्यता बोल्ने, संस्कृति खोल्ने हिमालमात्रै छ

यो फेट राम्रो गौरीको बारी यतिको निवास
हावामा सधैं मगमग हुन्छ कस्तूरी - सुवास
याकको धाक, डाँफेको नाच हृदय भर्दिन्छ
त्यो सुनपाती, भैरमपाती मोहनी छर्दिन्छ

होमको धूवाँ देखेर आउथे जन्तुका हूल रे
आश्रमवासी बटुली ल्याउथे कुञ्जका फूल रे
बाघको लाम्टो बाखाले चुस्ने विधिको सिर्जना
त्यो पर्णकुटी शान्तिको केन्द्र हुँदैन तिर्सना

प्रकृतिरानी सुन्दर ठाउँ खोजेर बढिछन्
रचना जस्तै सृष्टिको भाषा यसमै पढिछन्
हिमालराज विश्वको ताज उनैका पति रे
विधिले यहीं राखेछ क्यारे ! सौन्दर्य जति रे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुराँस फुल्ने हिमाली - लेक रत्नले चम्कियो
सभ्यता यतै कन्दराबाट उम्रेर गम्कियो
गुफामै बसी व्यासले लेखे पुराण कत्ति रे
मान्छेको मुटु छोएर बाँच्ने संस्कृति जत्ति रे

मानवलाई मानवसँगै मिलाई बसाउन
सभ्यता जस्तै संस्कृति उस्तै चलन चलाउन
उषाको लाली हिमाली भेक त्यै दिन पसेछ
आँखाको जादू देख्तैमा माया मनमा बसेछ

सूर्यको सिन्दूर परेर स्यूँधो टाकुरा रङ्गियो
टाकुरा आफ्नै लोकमा लाने उनको मन थियो
हिमाल बनी अग्लियो चुली लान नै मिलेन
मायालु गर्छन् चुम्बन सधैँ बिर्सन मिलेन

देवता - दैत्य मिलेर अघि समुद्र मथियो
निस्कँदा विष त्यो हालाहल संसार थर्कियो
विषको लप्का देखेर झस्के सबैका मुटु रे
गुहार माग्दै शिवका पाउ परेर रोए रे

'शरणको मरण गर्दिन कैल्यै नतर्स-नतर्स'
भनेर विष रुद्रले खाए आएर सहर्ष
न उँधो जान्छ, न उँभो आउँछ घाँटीमै अड्कियो
पोलेर मुटु औडाहा हुँदा पीडा भै तड्पियो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उकाली उक्ले खोजेर शान्ति हिमवत्खण्डमा
त्रिशूल गाडी पोखरी पारे गोसाईंकुण्डमा
पल्टिए त्यहीँ भै नीलकण्ठ जहर मत्थर भो
अर्कांकै निम्ति जीवन दिने विश्वमा अरू को ?

गर्दथे मानसरोवर, रारा, फोक्सुण्डो - विहार
सभा र साल्पापोखरी, दूधकुण्डको विहार
नाउबुडी खेल्दै घुमन्ते जोडी यात्रामा रमाए
तिनकै गीत, तिनकै नाच किन्नरले समाए

माछाको पासा खेल्दथे यतै चिप्लेर उम्केछ
त्यो माछापुच्छ्रे भएर त्यहीँ थुप्रेर गम्केछ
ती अन्नपूर्णा नजीकै बसी हेरचार गर्दैछन्
वात्सल्यमयी बनेर आमा ममता छर्दैछन्

छँदैछ गौरी - शङ्कर घुम्दै चढेको टाकुरा
उनैले रोपे सभ्यता हाम्रो बढेको आँकुरा
उत्तराखण्ड रमाइलो लाग्यो साँझ र बिहान
झ्याउँकीरी बास्ने, किन्नरी नाच्ने संस्कृति - मुहान

पन्छीले जहाँ बोल्दछन् नौला स्वर्गीय गाना रे
शङ्कर खेल्ने हिमालमाथि विश्वको छाना रे
चरीले बोल्ने, खरीले लेख्ने यसको गाथा छ
शिवको मन परेको यही सगरमाथा छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृष्टिमा दृष्टि मायाको वृष्टि उमाले गरेको
ज्ञानको खानी हो राजधानी संयोग परेको
कैलाशकुञ्ज ज्योतिको पुञ्ज स्वर्गको मुहान
यसैमा बास बसेर गर्थे लोकको कल्याण

देवाधिदेव छन् आशुतोष आँखाका सितारा
जे माग्यो त्यही वर नै दिने भक्तका पियारा
चक्चकी गर्छन् सबैले यहाँ उनैका वरले
छ तीनै लोक अडेको यौटै उनैका भरले

सूर्यको टुक्रा दन्किदै झरी पृथिवी भएछ
'गरौंन सृष्टि' भनेर मन ब्रह्माको गएछ
मानससृष्टि मानसपुत्र एक सय सिर्जिए
ती सबै उम्दा सृष्टिका लागि भएर निस्किए

तिनैमा एक कश्यप ऋषि सृष्टिका बुँदा हुन्
उनका जस्ता नौ- रङ्गी छोरा कसका हुँदा हुन्
त्यो हिरण्याक्ष उनैको छोरो उद्दण्ड भएछ
खोजेर जोरी विष्णुका साथ युद्धमा मरेछ

बाबुका शत्रु सखाप पार्ने सङ्कल्प गरेर
शकुनि उस्तै सङ्ग्राम गर्थ्यो कम्मर कसेर
देवतालाई धुरुक्कै ऱ्वायो उत्पात मचाई
लोकमा उल्कापातकै भयो राक्षसी रजाइँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो पनि बित्यो दिएर अर्ती 'हे सानु बाबु ए
भएर ठूलो द्यौतालाई बाँच्न सुखले नदिए
द्यौताले आँसु झार्दामा औधि प्रसन्न हुइने
हुँदैन काँतर दैत्यको वीर्य गर्भमै तुहिने

सुखले द्यौता बाँचेमा हाम्रो हुँदैन भलाइ
पुर्खाको आत्मा आशीष दिन्छ तिमीलाई बढाई
ती डरपोक, ती धूर्तराज द्यौतालाई आँके है
र तीनै लोक थर्कायमान पारेर हाँके है'

अन्तिम धोको भनेर यत्ति शकुनि गएछ
राक्षसवंशी त्यो वृकासुर दीक्षित भएछ
कहिले बालसुलभ खेल खेल्दथ्यो रमाई
फन्फनी सर्प घुमाउँथ्यो त्यस्तै पुच्छर समाई

कि डण्डीबियो, ओखलढोखल, चिँमुसी खेलेर
कि भेडाबाखा, कि बाघचाल खेलमा झेलेर
कबडी, गीर, रुमालचोर खेल्दामा पेल्दथ्यो
धुर्सुले पात माटाको भात पकाई खेल्दथ्यो

कि काठे- काठे खेलेर जुवा सर्दथ्यो अगाडि
ब्वाँसाको जस्तै धूर्तता गर्न सर्दथ्यो पछाडि
गाईका पुच्छर बाँधेर त्यसै पिट्तथ्यो लाठाले
छ वृकासुर सार्थकै नाम भन्दथे बाठाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केराका थुम्बा, बाँसका तामा छप्काई हिँड्दथ्यो
माटाको द्यौता बनाई सिस्नु लगाएँ भन्दथ्यो
मर्काइदिन्थ्यो साधुको गला त्यो धनुकाँडले
थिल्थिलो पाऱ्यो संस्कृति - कला कठोर बाँणले

छुल्याहा वृक देवताद्वेषी हलक्क हुर्कियो
सबैले वा वा!! गर्दैमा दैत्य फुरुक्क फुर्कियो
'म तीनै लोक गर्दछु कब्जा' भनेर उठ्छ ऊ
विषको रूखमा फल्दैन अमृत विष नै फल्छ ऊ

यति नै बाचा बाँधेर गयो शक्तिको खोजीमा
हिमाली काख लायक भयो उसको रोजीमा
हो तपःस्थली एकान्त शान्त कसले जान्दैनन्
देवता पनि पुगेर जहाँ पुगेर जहाँ फर्कन मान्दैनन्

अठोट त्यहीँ तपस्या गर्ने उसले गरेछ
कसको गरौं, को देला वर दोधार परेछ
कोबाट होला ईखालु हाम्रा वैरीको विनाश
उनकै आज निश्चिन्त भई गर्दछु तपस

को चाँडो खुसी भएर देला विष्णुको गरौं कि
पुर्ख्यौली शत्रु के देलान् वर, ब्रह्मा पो देलान् कि
हम्मेसी उनी गर्दैनन् ह्याउ देवता रिसाउने
शिवजी मात्रै एउटा हुनन् भक्तलाई रिजाउने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनकै गर्छु शरण पर्छ ती वर दिने छन्
भक्तिले ध्यान गरेको पूजा ती चाँडै लिने छन्
पाएर वर संसार सारा म आफ्नै पार्ने छु
दानवदीप झलमल पारी उज्ज्वल गर्नेछु

देवतालाई भुर्कुट पार्ने दैत्यको ज्योति हुँ
ढिम्कन दिन्न कसैलाई अब कुलको मोती हुँ
पौरख देखे पुर्खाले आँसु झारेर रूँदैनन्
वीरका छोरा वीर भै मर्छन् काँतर हुँदैनन्

चन्द्र र र सूर्य झुल्कनु पर्छ इसारा मेरैमा
सुगन्ध बोकी ल्याउनु पर्छ हावाले घरैमा
मभन्दा ठूलो शासन गर्ने के अर्को हुन्छ र ?
इन्द्रेनीलाई छपक्कै छोप्ने के बर्को हुन्छ र ?

मनका लड्डु खाएर कस्यो लम्पट उसले
चिम्लेर आँखा संसार बिर्स्यो छिनमै उसले
खिँचेर प्राण तल्लीन भई तपस्या गरेछ
तैपनि यस्तो चालले हुन्न भन्ने पो परेछ

शरीरै काटी हवन गर्न थालेछ दिन्दिन
इन्द्रको मुटु हल्लिन थाल्यो डरले छिन्छिन
अप्सरालाई पठाइहाले बिथोल्न भनेर
परीले भन्छन् बुल्बुले साथी मायालु बनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'हे दैत्यराज ! हामी छौं दासी सेवामा हाजिर
स्वर्गीय सुख भोगेर बस्नुस् के मिल्छ आखिर
तपस्या गरी ख्याउटे बन्नु ऋषिको धर्म हो
तपस्या हैन, विलास गर्नु दैत्यको कर्म हो

चञ्चले चरी विलासे परी हामीलाई अँगाले
स्वर्गकै सुख-शयल दिन्छौं छिनमै सँगाले'
परीको नाच, परीको रूप-रङ्ग नै देखेन
शरीर होम्ने छोडेर अरू तपस्या देखेन

'बिथोल्न सक्छ कसले मेरो कठोर तप यो
म पञ्चाक्षर मन्त्रको भर गर्दछु जप यो
म शान्त्यतीत पाएर पद शिवमै मिल्दछु
विरजा होमको लाएर टीका संसारै निल्दछु

सिद्धिए अङ्ग टाउको अब काटेर होम्दछु
नहोऊन् खुसी, हुँ शिवभक्त यसमै रम्दछु
उनकै लागि म बलि हुन्छु म त्यसै फर्कन्न
पिशाचगण झम्टिऊन् जत्ति म त्यसै तर्सन्न'

कठोर तपी तयार भयो बिथाह पर्छ कि
नदिए वर संसारै भस्म उसले गर्छ कि
भक्त हो मैले पर्दछ रोक्नु भनेर खुरुक्कै
शिवजी आए आत्तिदै त्यहाँ उठेर जुरुक्कै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'बाँचेमा बाबु ! पाइन्छ हेर्न नहोम शरीर'
भनेर छँदा वृकले पायो त्यो दिव्य शरीर
शिवका पाउ परेर भन्छ दयालु हे ईश !
म पटमूर्ख जान्दिन केही के भनूँ विशेष

हे अष्टमूर्ति प्रशान्तमूर्ति अनादि ईश्वर
हौ परात्पर ब्रह्म नै तिमी अरू छ नश्वर
जान्दछौ सब नपाइने भेउ स्वरूप तिम्रै हो
र. अग्नीसोमात्मक यो जगत् रचना तिम्रै हो

जो भन्दा पर क्यै छैन तत्त्व स्वरूप प्रभुको
हे पशुपति सबैलाई चम्काई चम्कन्छ अरू को
सानूमा तिमी अत्यन्त सानू, ठूलामा ठूला छौ
र यत्र तत्र सर्वत्र प्रभु व्यापक तिमी छौ

देवाधिदेव हे महादेव धूर्जटी शङ्कर
ब्रह्मा र विष्णु आराध्यदेव हे गौरी - शङ्कर
कसैले पनि भेट्दैन तिम्रो त्यो पल्लो किनार
कैलाशपति हे भोले बाबा! म ओल्लो किनार

त्रिकालदर्शी त्रिगुणातीत त्रिलोकपति हे
त्रिदुःखध्वंसी त्रिलोकव्यापी सबैका गति है
दैत्यको कुलतिलक बन्ने यो मेरो इच्छा छ
सफल बनोस् हे शम्भु- शिव त्यै मेरो इच्छा छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चिदानन्द हे सदाशिव भवानी- शङ्कर
कालका काल हे महाकाल हे जगदीश्वर
पिनाकपाणि त्रिशूलधारी नन्दीका स्वामी हे
आकाङ्क्षा मेरो पुऱ्याइदेऊ वरका खानी हे

करुणामूर्ति हे भोलेनाथ दयालु ईश्वर
कल्याणकारी हे महादानी कृपालु ईश्वर
म शिवतत्त्व जान्दिन केही महिमा जान्दिन
हे आशुतोष म केही विधि-विधान जान्दिन

हे चन्द्रमौली हे दिगम्बर हे भक्तवत्सल
कैलाशवासी हे दीनबन्धु पार्वतीवल्लभ
यो विधिहीन तपस्याबाट प्रसन्न हुनुहोस्
हे प्रभु मैले चाहेको वर; मलाई दिनुहोस्

म ठूलो योगी होइन प्रभु म केही जान्दिन
साधना ध्यान जप र तप म केही जान्दिन
प्रभुको चरण, पर्दछु शरण म मूर्ख भक्त हुँ
अर्चना - पूजा न केही जान्ने म दैत्यरक्त हुँ

रिसाए शिव संसारभरि डढेलो लाग्दिन्छ
खुसाए शिव अज्ञानताको कल्मष भाग्दिन्छ
क्यै छैन थाहा चिन्मयी प्रभु भक्तिमै खुसी हौ
म भक्त तिम्रै हुँ वज्रस्वाँठ, मलाई वर द्यौ'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो भक्त त्यस्तो दुष्कर आफ्नै तपमा तल्लीन
बनेको देखी शिवजी भन्छन् भएर प्रसन्न
'हे वृकासुर ! लौ वर माग नदिने क्यै छैन
तिमी भन्दा ठूलो तपस्वी अरू विश्वमा क्वै छैन'

दैत्यले सोच्यो के मागे हाम्रो कल्याण गर्दछ
अहिले होस् नपुगे पछि पछुतो पर्दछ
जे मागे पनि शिवले आज मलाई दिनेछन्
पुर्ख्यौली शत्रु चकनाचूर केबाट हुनेछन्

सोचेर भन्यो- 'हे आशुतोष ! ममाथि दया होस्
यो हात जस्को शिरमा पर्ला त्यो भस्म हुने होस्'
दैत्यको माग 'तथास्तु' भनी शिवले दिएछन्
पार्वतीमाथि पापका आँखा दैत्यका परेछन्

'परीक्षा गर्छु यो वर साँचो छ छैन शङ्कर !
विश्वास मानी खुरुक्क जाने म हैन शङ्कर!
दैत्यमा निकै बुजुक हुँ म तिमीमै जाँच्तछु
पृथिवीलाई मर्काई सिङ्गै म अब भाँच्तछु'

आगाको ज्वाला ह्वारह्वारी जान्छ मास्तिर मास्तिरै
पाप र पानी सुलुलु बग्छ तल्तिर - तल्तिरै
दैत्यको गिदी तमालु पानी त्यो उँभो जाँदैन
तपस्वी ठूलै भएर पनि स्वभाव जाँदैन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाघको छाला ओडेर स्याल के बाघ हुन्छ र ?
धर्तीको कुनै चीजले जूनको के दाग धुन्छ र ?
मनको लेउ मनमै हुन्छ पानीले के गर्नु
नसके भोग्न भएर मात्रै खानीले के गर्नु

पार्वती लाने गरेर दाउ शिवलाई लगाऱ्यो
दिएको वर उनैका लागि भैगयो तगारो
उठाई हात शिवको माथ समाउन खोजेछ
भागा रे भाग शङ्कर कुदे कालले रोजेछ

'हे दैव ! मेरो सङ्कट टार नकाम जे गरें
छल र छाम नजान्ने त्यसै जालमा म परें
लौ मार्न आँट्यो दैत्यले दैव मलाई बँचाऊ
म भूल परें, जानिन छल; मलाई बँचाऊ'

बिलाप गर्दै पार्वती च्यापी साँढेमा चढेछन्
बुर्कुसी मार्दै दौडाई साँढे अगाडि बढेछन्
हिमालबाट पुगेर टाढा 'लौ अब बाँचियो'
सुस्केरा हाले परन्तु उही राक्षस देखियो

त्यो धारे हात पारेर वृक लखेट्दै आएको
त्रिशूल रोपी चम्पट ठोके कालले धाएको
बौलट्ठी यात्रा उनको भयो नन्दीले हानेछ
पहिरो जान्थ्यो, तैपनि हिँड्न दैत्यले जानेछ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नौरङ्गी डाँडा नौरङ्गी पाखा नौरङ्गी मैदान
उकाली चढे, ओराली झरे के गर्नु बयान
तैपनि दैत्य लखेट्दै गयो उनैलाई ताकेर
भो त्राहि त्राहि विष्णुलाई सम्झे पूजा नै भाकेर

कालले छाड्ला थाकेर बरू पापीले छाडेन
पापको बियाँ भुटेर कतै उसले गाडेन
विश्वमा अर्को घुमाइ भयो बेढङ्गी चालाको
सतीको लाश बोकेको थियो अघिल्लो पालाको

संसारै घुम्दा हैरान भई सुनकोशी तरेर
सुरम्य थुम्को भेटेर लुक्ने सुर्सार गरेर
त्रिशूलद्वारा बनाई गुफा बसाहा बाहिरै
छोडेर पसे, फोरेर निस्के शिवजी बाहिरै

त्यो भन्दा ठूलो रचेर गुफा पर्तिर मजाको
गहिरो त्यस्तै अगम्य त्यस्तै आफैँले सजाको
पार्वतीलाई खोपामा राखी धर्मर भएर
नफेरी सास शिवजी लुके मैदान गएर

दौडँदै पस्यो राक्षस तर देखेन शङ्कर
गुम्स्याइलो गुफा तर्सेर निस्क्यो खाएर ठक्कर
विष्णुले चाल पाएर धूरा आएर पसेछन्
मोहिनी बनी पार्वती जस्तै रूपमा बसेछन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोहिनी भन्छिन्- 'हे दैत्यराज ! अटव्य जङ्गल
एक्कासि किन सवारी भयो के हुन्छ मङ्गल
म केही गर्न सक्तछु हर्न हजुरको ताप यो
सुनेमा मेरो क्यै होला शान्ति जलन राप यो'

नौ - तुक्के कुरा सुनेर सबै वृत्तान्त बतायो
पापिष्टलाई भएन थाहा कालले सतायो
देवता मान्छे दानव सबै पुनस्को कमाइ
अकाट्य हुन्छ भोग्दछन् सारा नचाही नचाही

म भन्छु प्रिय हजुर यस्तै कुराले पोल्छ र
शापले नष्ट अर्धङ्गी शिव के साँचो बोल्छ र ?
त्यो घिन लाग्दो सिल्लीको कुरा पत्याई हिँडेमा
दैत्यको कुलै कलङ्क हुन्छ हजुर हिँडेमा

सुन्दरी परी छु अघिल्तिरै खोजेको चाहिने
हे दैत्यराज ! भोगियोस् सुख रोजेको पाइने
सेवामा हुन्छु म सधैँ रम्छु के फिक्री हुन्छ र ?
झरनालाई कुम्ल्याई राख्ने के सिक्री हुन्छ र ?

खुसीले हाँसो खुसीले नाचो दिन्दगी यस्तै हो
यो रामछायाँ, यो चोला काँचो जिन्दगी यस्तै हो
झिम्क्याई आँखा मोहिनी रूप मसक्क मस्केर
हाव र भाव कटाक्ष गर्छिन् भसक्क झस्केर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरमा हात राखेर उनी छम्छम नाच्तछिन्
ठोकेर ताली तिर्खालु आँखे कम्मर भाँच्तछिन्
देखेर ताल उनको त्यस्तो असुर लठ्ठियो
'पञ्जामा पारी कुदाई आजै लैजान्छु पठ्ठी यो'

भनेर लम्क्यो कालले ढिम्री कसेको असुर
न कोही गन्दो, कामको अन्धो भएर बेसुर
गरेर सिको ऊ पनि हाँस्तै त्यसरी नाच्न गो
शिरमा हात पर्दैमा दैत्य डढेर भस्म भो

सगरमाथा- अञ्चलभित्र खोटाङ जिल्लामा
अहिले हाम्रो हलेसी भन्ने यो राम्रो किल्लामा
त्यो आततायी थाप्लामा हात पर्दैमा डढिगो
भएर भस्म बसाहास्थान नजीक ढलिगो

कुकर्मी मऱ्यो; बोलीको पासो शिवको छुटेछ
राक्षस भस्मासुरको अन्त्य त्यसरी भएछ
त्यै बेला बज्यो सनही; फूलपाती नै बर्सिए
उत्सव मान्दै त्रिलोक देवी-देवता हर्सिए

पाखाले पनि हर्षका आँसु झारेछ तुरुन्तै
त्यै आँसु बग्यो महाद्यौ खोला भएर तुरुन्तै
भै गए विष्णु नक्कली रूप छोडेर तुरुन्तै
ईश्वर भेटे अँध्यारो गुफा पसेर तुरुन्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असुरबाट बँच्न यो गुफा रचेर थन्केका
तैपनि शिव देखिए त्यहाँ ज्योति भै चम्केका
विष्णुले आई झुकेर पूजा पहिले गरेछन्
शिवजी त्यहीं रैथाने हुन बसाइँ सरेछन्

डरले भाग्दै कुदेका शिव यहीं पो आएछन्
विष्णुले गर्दा जोगाई ज्यान अभय पाएछन्
हरिले पूजा गरेका ईश्वर भै गए 'हरीश्वर'
जिब्राको खेल बनेछ त्यही पछि त 'हलीश्वर'

छ अर्को मत सतीको हर खसेको ठाउँ हो
ईश्वर 'हरेश्वर' नै हुँदै 'हलेश्वर' नाउँ भो
सतीको हर खसेरै भयो यो भूमि पवित्र
'पूर्वका पशुपति' को कथा छ औधि विचित्र

कालान्तर पछि बलराम हिंडे तीर्थको खातिर
गरेर स्नान उक्लिए डाँडो दूधकोशी मास्तिर
घामको झुल्का पर्दा यो थुम्को टलक्क टल्कियो
गाडेर हलो गुफामा हेर्दा गुफा नै झल्कियो

हलीले* पनि पूजन गर्दा नाउँ भो 'हलीश्वर'
जनता आज सजिलै भन्छन् नाउँ छ 'हलेश्वर'
त्यै शब्द हो रे 'हलीश्वर' बाट बनेको 'हलेसी'
घर र गाउँ फैलिए जस्तै रहन्छ बर्लेसी

---

* हलधर वलरामले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजन गरे हरिले ईश शब्द भो 'हरीश'
'र' अनि 'ल' को नहुँदा भेद भनियो 'हलीश'
'हलीश' बाट 'हलेसी' बन्यो यो नाउँ पवित्र
रहस्यमाथि रहस्य थप्ने ठाउँ थप्ने ठाउँ छ विचित्र

कसैले भन्छन् यो मनोलोकी कल्पना मात्रै हो
कसैले भन्छन् व्यासको कथा यो साँच्चै साँच्चै हो
क्यै मिल्दोजुल्दो छ भन्ने कोही हलीकै कथा रे
छ नाटीकुटी त्यो भन्दा बढी शिवकै व्यथा रे

सिमसिम पानी परेको बेला शिवजी आए कि ?
र पानी माग्न बुर्कुसी मार्दै बच्चाले गाए कि** ?
पापी र पानी छल्न यो गुफा खनेर ओताए
भूगर्भभित्र अनौठा अर्कै रहस्य खुलाए

हलेसी गुफा विचित्रताको चमक पूरा हो
सक्ला र मान्छे वर्णन गर्न त्यो अर्कै कुरा हो
अनौठा द्वार रहस्य बोल्ने विधिको कला रे
छ सात दिन हेरेको हुन्छ छिन भैँ पला रे

तैपनि कोर्ने धृष्टता गर्छु खुल्दुली हुनाले
कन्दराभित्र फक्रेको राम्रो सुनगाभा हुनाले
प्रकृति आफैँ छ दङ्ग पर्ने यहाँको कलामा
यो तीर्थभूमि छ टाँस्सिएको सबैको गलामा

** 'हलेसीका महाद्यौ पानी द्यौ द्यौ, यतिले पुगेन अलिक थपिद्यौ'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता ऋषि आएर पूजा गर्दथे दिन्दिन
नदेखे गौरी- शङ्कर पीर पर्दथ्यो छिन्छिन
नछोडुँ लाग्थ्यो तैपनि जान्थे साँझमा फिरेर
जहाँ छन् शिव त्यहीँ छ शान्ति हुँदैन अँधेर

रमाइलो साँझ आरती गर्थे अप्सराहरूले
प्रमथगण ठटाउँथे ढोल, दमाहा अरूले
मादल ठोकी गन्धर्व नाच्थे शिवको पूजामा
गोमन फँणा फुलाई हाँस्थ्यो शिवको भुजामा

कहिले गौरी-शङ्कर दुबै लहडी बनेर
जुहारी खेल्दै जङ्गल डुल्थे किराँत बनेर
कहिले लुक्तै छकाई हिँड्थे बच्चाको पारामा
कहिले कुलो खनेर रम्थे गङ्गाको धारमा

कहिले भाङ धतुरो खान्थे ढुङ्गामा बसेर
कहिले आङ मर्काई तर्थे डुङ्गामा बसेर
वनका वनै कन्दमूल खोजी खाएर रम्दथे
गुराँस स्यूँरी, चमेली बेली लाएर घुम्दथे

कल्पका कल्प आनन्द साथ यसरी बितेछन्
समय सर्दा मानिस पनि त्यसमा पुगेछन्
यो तीर्थस्थल कसरी मिल्यो ? रोचक कथा छ
कल्पित हैन लोकको साँच्चै अमर गाथा छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुले पूजे बलले पूजे शिवको पूजा भो
नजीकै बस्ती नहुँदा त्यहाँ त्यो क्रम टुट्न गो
कालान्तर पछि नजीकै त्यहाँ मानिस आए रे
घर र खेत बनाई बारी बस्तीले छाए रे

तैपनि त्यहाँ जङ्गल थियो हिंसालु जन्तुको
बिगबिगी देखी नसक्ने पस्न डरालु मान्छे भो
तै आठ-पाँच शिकारी पस्थे लोभले जङ्गल
जसले आँट गर्दछ त्यसकै हुनेछ मङ्गल

शिकारीमध्ये आँटिला शूरा बाग्वंशी राई थे
लिएर साथी शिकार खेल्न जङ्गल पस्तथे
चखिला हुन्थे त्यहाँका मृग, कालिज, खरायो
शिकार ल्याई गाउँमा भोजभतेर गरायो

क्यै सोध्नु परे गाउँले जान्थे उनकै घरमा
शिकार खेल्न गाउँले जान्थे उनकै भरमा
आखेट पेशा उनका निम्ति मलिलो बन्दै गो
जन्तुको डर घारीमा पनि कम्कम बन्दै गो

ती गैरीगुठ गाउँका वासी बाग्वंशी राईको
अरोट मान्थे फुरौला जस्तै बनेर ताईको
हैकम चल्ने शिकार खेल उनको प्यारो छ
विश्वमा वीर सबैका लागि उत्तिकै प्यारो छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्वै दिन तीन लिएर साथी घारीमा पसेछन्
बाग्वंशी राई आखेट गर्न कम्मर कसेछन्
साथमा थियो चलाख जौडे शिकारी कुकुर
दिनभरि खोजे तैपनि यौटा मिलेन ढुकुर

नमिल्दा केही ती आशामुखी शिकारी वैलाए
सितैँमा यस्तो झेलियो दुःख भनेर वैलाए
अगुवा भन्छन् 'साथी हो अझै क्यै छिन लौ पखौं
एक जुवा घाम छँदैमा रित्तो हातले नफर्कौं

त्यै बेला सर्दै आएछ चर्दै ज्यूज्यान फालेर
अनौठो अजङ् तीनै र आँखा धपक्कै बालेर
सुनौला मृग बुर्कुसी मार्दै लहरा चपाउँदै
फच्याक-फुरुक् उफ्रने गर्थ्यो पहरा कँपाउँदै

एक सिङ्गे आकाश रोप्छ कि जस्तो लम्काइ त्यस्तै छ
खुरले धर्ती खोप्छ कि जस्तो उफ्राइ त्यस्तै छ
आँखामा बाँण चम्किए जस्तो विचित्र देखिन्छ
देख्तैमा त्यस्को जीउडाल त्यस्तो शिकारी लोभिन्छ

शिकारी देख्तै फरक्क फर्की शिकार हानियो
शिकारी कुकुर झम्टन त्यतै तुरुन्त तानियो
धनु र काँण सहित लागे शिकारी पछाडि
लखेट्तै जान्थे, शिकार मृग कुद्दथ्यो अगाडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झन् कुद्यो कुद्यो बेतोडसाथ शिकारी लगार्थे
'नमारी कहाँ छाड्दछौं आज' भनेर हकार्थे
मालिङ्गो-सल्ला-बेतको घारी छिचोली गै-गयो
कुकुर पनि लगार्दै जाँदा दुवैको भेट भयो

शिकारी त्यस्तै हस्याङ र फस्याङ गरेर जाँदैथे
आँखाका अघि कुकुर - मृग दौडेर जाँदैथे
पल्याक् र पुलुक् हेरेर मृग हाम्फाली झरेछ
कुकुर उस्तै के कमी हुन्थ्यो; त्यो पनि झरेछ

शिकारी पुगे छिचोल्दै घारी लोथिला गलेका
अँध्यारो दुलो देखेर जिल्ल बेचैनी फलेका
चिम्लेर आँखा हाम्फाल्ने आँट कसैको भएन
कुकुर जत्ति शु-याइँ तिनको जोशमा रहेन

'कङ्ल्याङ - कुङ्लुङ्' गुहार माग्दै कुकुर करायो
कानले सुन्थे नसकी जान होस नै हरायो
घामले पल्लो डाँडामा टेकी घरक्क घर्किए
क्यै जुक्ति-बुद्धि सुझेन रूँदै फरक्क फर्किए

जब भो भोलि बाग्वंशी राई सखारै गएछन्
छ - सात जना आँटिला साथी लिएर गएछन्
सुनियो उस्तै कुकुरको त्यहाँ करुणक्रन्दन
उनको मुटु बलेछ आगो लागेर दन्दन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को अघि सर्ने होमिन गुफा*** र डरलाग्दो उस्तै छ
को घण्टी बाँध्ने कालले मुख बाएको जस्तै छ
मायाले ज्यान भन्दैन रैछ सर्वस्व तानिए
लठारो दरो कटिमा बेरी मालिक हानिए

साथीले माथि बिस्तारै छाड्थे लठारो समाई
पहरा हुँदि ठक्कर खाँदै लहरा समाई
कष्टले झरे रहस्य बुझ्न मैदान भेटियो
उनको धोको झर्दैमा तल लौ त्यसै मेटियो

शिकार छैन, कुकुर छैन, उसको चीत्कार
त्यो पनि छैन, क्यै पनि छैन, गुफाको सिसार
उनले पाए अनौठो त्यहाँ छ झकिझकाउ
धपक्कै बल्ने सुन्दरताको छ भरिभराउ

र चारैतिर झिलिक - झिलिक् बिजुली चम्कन्थ्यो
चमक चमक् चम्किलो तेज छरेर गम्कन्थ्यो
भुइँ र भित्ता, पहरा सबै हीराका देखिन्थे
प्रकाशपुञ्ज, रौनककुञ्ज जूनका देखिन्थे

झल्याकझुलुक् केटा र केटी हाँसेका देखिन्थे
कहिले कुना-भित्तामा राम्रै नाचेका देखिन्थे
अनौठो ज्योति जगमग गर्थ्यो बलेको गुफामा
जिल्लिए राई मृगले साँच्चै छलेको गुफामा

*** महादेवस्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिर्मिर - तिर्मिर आँखाको ज्योति उडाई लान्छ कि !
लाटाले पापा हेरे झैँ भए ज्योतिले तान्छ कि !
चौतर्फी धप्पै छ हेरूँ-हेरूँ स्वर्गीय - संसार
उनले लुटे आनन्द त्यहाँ स्वप्निल संसार

अँध्यारो भयो तैपनि साथी निस्केन बाहिर
के भयो ? किन आएन ? भन्दै तानियो बाहिर
'छिनमै किन तानेका' भन्दै निस्किए बाहिर
अँध्यारो देखी उदेक मान्दै गरेछन् जाहिर

जाज्वल्यमान देदीप्यमान गुफाको बयान
आश्चर्य लाग्दो अद्भुत त्यस्तो सुनेर बयान
कसैले लख सकेन काट्न चम्किलो प्रकाश
त्यो के को थियो ? कसरी भयो त्यसको विकास

तर्कना लाखौं चिन्तन लाखौं गिदीमा जमेको
त्यै रात देखे सपना त्यही गुफामा रमेको
विचित्र नौलो छ चहकिलो गुफाका भिखारी
ब्रह्मा र विष्णु, कन्फट्टा जोगी, तपस्वी, पुजारी

भक्तिले त्यहाँ गर्दथे पूजा कसैले छुँदैन
के होला कस्को गरेको पूजा नबुझी हुँदैन
भनेर राई नजीक परे सामग्री जुटेन
ओजिलो राप धाकिलो हुन्छ वाक्य नै फुटेन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनको कुरा जानेर भने कन्फट्टा जोगीले
'पुण्यले पायौ दर्शन यस्तो पाएनन् योगीले
हे शिवभक्त ! लौ सुनिराख शिवजी यहाँ**** छन्
खोपामा*****माथिपार्वती, अर्कैगुफामा******नन्दीछन्

भैरव गण लिएर बस्छन् त्यो अर्को गुफामा
दर्शन गर यी तीनै गुफा पवित्र गुफामा
यो मर्त्यलोकभरिमा ठूलो, यो पुण्यभूमि हो
दुर्लभ थियो, दर्शन पायौ, सफल जुनी भो

हलेश्वर देव पूजन गर्न छौं हामी बसेका
नन्दी र भृङ्गी प्रमथगण सँगसँगै पसेका
भक्तिले पूजा - दर्शन गरे कालले छुँदैन
मान्छेको इच्छा हुनेछ पूरा सन्देह हुँदैन'

भन्दैमा यत्ति अलप भए ती सबै पुजारी
उनले शिर राखेर ढोगे आँखा नै उघारी
उज्यालो छ्याङ्ग भएको रैछ झल्याँस्स ब्यूँझिए
चकित हुँदै स्वप्नको कुरा हुबहु सम्झिए

गाउँमा उर्दी लगाइदिए 'अनौठो दर्बार
पर्दछ हेर्नु, बोकेर आओ खुर्पा र तर्बार,
झम्पल, खन्ती, कोदाली, कुटो, खुकुरी, चपरा'
लिएर खने गोरेटो त्यहाँ पहरै - पहरा

**** महादेवस्थानमा
***** गौरापार्वतास्थानमा
****** बसाहास्थानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पसेर भित्र सबैले देखे गुफाको आकाश
चहक - महक् झन् बढे जस्तो देखिने प्रकाश
दुई हात अग्लो त्यो शिवलिङ्ग झलल देखियो
मैदानबीच विराजमान महादेव भेटियो

खोपामा माथि चढेर हेरे पार्वती चम्किली
चमक - चमक् चम्किने भित्ता पहरा चम्किली
रोमाञ्चकारी गुफाको ज्योति धपक्कै बलेको
सपना साँच्चै विपना भयो भाग्य नै फलेको

गणेश, ब्रह्मा, विष्णु र गण शिवका पार्षद
ती चारैतिर सेवामा हुन्थे हुँदैन फुर्सद
गाईको थुन झोलिँदै आई शिरमै पर्दछ
दूधको धारा बगाई स्नान अर्चना गर्दछ

छन् जतातत्तै देवता जस्ता भुकुक्क उठेका
टुसा र ठोसा, थुम्किला ठाउँ मिलाई खुटेका
पहराबाट झोलिने चिल्ला नाग्बेली फाल्साले
लर्केका लुर्का, सुम्लेका मुस्ला, तेर्छिला लाँक्राले

सुरेली खेल्दै र बटारिँदै लहरा हल्लिँदै
पहरा सिङ्गै छ कलात्मक तेजमा रल्लिँदै
अन्तरगुफा, रहस्यकथा कहिले लेखियो
रूपौला धप्प अहिले देखियो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजब कस्तो ! गजब कस्तो ! लठ्ठा र खम्बाको
पाएको प्यार ममता जस्तो जननी अम्बाको
हेरेर दङ्ग परेका मान्छे लौ त्यसै टोलिए
स्तम्भित भई सबैका मन गुफामै घोलिए

सम्भना भयो छ यस्तै अर्को त्यो गुफा******* कहाँ छ
भनेर खोज्दै जङ्गल पसी पुगेछन् जहाँ छ
चहक त्यस्तै विचित्र त्यस्तै विशाल भेटियो
पहरा दिँदै मुखमा साँढे बसेकै भेटियो

छ चमत्कारी रहस्य उस्तै चम्किने प्रकाश
पसेर गुफा तिनले देखे उदाङ्गो आकाश
भ्वाँङको माथि कैलाश त्यस्तै रमाइलो देखिन्थ्यो
गाईको चारै थुनको दूध भरेको देखिन्थ्यो

भैरवगुफा खोजेर हिँड्दा त्यो पनि भेटियो
उज्यालो ज्योति चहक त्यस्तै त्यो पनि देखियो
हर्षले नाचे बाग्वंशी राई कामना पूरा भो
रहेन बाँकी उनको खोज; सपना पूरा भो

रहस्यमय यी तीनै गुफा हेरेका गाउँले
बखान गर्थे अचम्म मान्दै फर्केका गाउँले
कानका कान भएर चम्क्यो चमक गुफाको
सर्वत्र ख्याति फैलियो चाँडै हलेसीगुफाको

******* बसाहास्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बखान सुनी वैरिए मान्छे हलेसीगुफामा
गाउँका गाउँ उल्टेर आए हलेसीगुफामा
कल्पनातीत छटाले तानी भक्तिले नुहुन्थे
हूलका हूल गरेर पूजा शक्ति नै दुहुन्थे

घुइँचो हुन्थ्यो दिनका दिन श्रद्धालु यात्रीको
चाखले हेर्ने, दर्शन गर्ने तीर्थालु यात्रीको
उम्रेकादेखि खुम्रेकासम्म आएर हेर्दथे
शिवको पूजा गरेर सास शान्तिको फेर्दथे

यात्रीले देखे द्वारका द्वार******** भुइँ र भित्तामा
न्वारन गरे छिरेर हेरे मैदाने कित्तामा
पाप र धर्म, जन्म र घोप्टेद्वारका द्वार रे
पाप र पुण्य छुट्ट्याइदिने यी सबै द्वार रे

त्यो स्वर्गद्वार गुफाको******** माथि कैलाशनेरै छ
सक्तैनन् मान्छे पुगेर छिर्न कठिन धेरै छ
चढाई फूल श्रद्धा र भक्ति प्रकट गर्दथे
प्रसाद मानी खाएर दूध पेट नै भर्दथे

छ - सात मैना यसरी बिते आएन यहाँ को ?
दर्शन गर्ने मानिस बढे हलेसी तीर्थको
भाकल सबै पुगेर 'भन्थे शिवजी ठूला हुन्
जे माग्यो त्यही खुसीले दिने वरका कुला हुन्'

******** पापद्वार धर्मद्वार, जन्मद्वार, घोप्टेद्वार र स्वर्गद्वार
******** महादेवस्थानको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो कामधेनुसरिको गुफा शिवको कोसेली
सगण गौरी-शङ्कर बस्ने पावन हलेसी
प्रसिद्ध तीर्थस्थलको ख्याति अहिले उस्तै छ
कामना पुग्ने पुग्ने उहिले सत्यलोकको जस्तै छ

कसैले धप्प बलेको गुफा देखेर गमेछ
दियालो बाल्दै हैरान हुने मान्छेले गमेछ
गुफाको चोइटा घरमा राखे उज्यालो चाहिन्न
यसको जस्तो उज्यालो अर्को बत्तीको पाइन्न

सोचेर यस्तै उप्काई चोइटा घरमा लगेछ
झलल पार्ने बिचरा कस्तो दैवले ठगेछ
त्यो टुक्रा ठ्याम्मै निभेछ अहो! पुगेर घरैमा
मान्छेले चल्नु पर्दछ सधैँ दैवका भरैमा

लोभले मन नसकी थाम्न बसाहास्थानको
त्यो मीठो दूध घैँटोमा भरी चोरेर लगेको
त्यसैले खीर पकाई खायो स्वादले रमायो
जिन्दगीभरि म खीरै खान्छु भनेर निदायो

विशाल गुफा हीराको मानौं विधिको छनौट
देवता थुप्रै अन्तरद्वार विचित्र बनोट
त्यै दिनदेखि ढुङ्गाको बन्यो उज्यालो हरायो
दूधको धारा पानीको भयो पाप नै करायो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'हेरौंला' भन्ने मान्छेको आशा-फल नै वैलियो
'गुफाका घाम अस्ताए' भन्ने तुरुन्त फैलियो
सुनेर स्तब्ध भएका मान्छे लौ त्यतै हानिए
मान्छेका पछि मान्छेका ताँती लागेर तानिए

अँध्यारो गुफा देखेर राँका लिएर पसेछन्
जस्ताको तस्तै सबै छ उस्तै शिवजी बसेछन्
चनाखा मान्छे घुमेर हेरे भित्ता र पहरा
अनौठा त्यस्तै रसिला त्यस्तै झुलेका लहरा

उदेक मान्थे आश्चर्य मान्थे 'कसरी यस्तो भो
छ - सात मैनाबीचमा दुबै सपना जस्तो भो'
त्यो दिव्यज्योति आलोक छैन, छैन त्यो प्रकाश
देखेर त्यस्तो गाउँले भए मलिन निराश

छँदैछ आज पूजित गुफा******** त्यै रूप छँदै छ
उज्यालो गयो, अँध्यारो भयो स्वरूप छँदै छ
देखेर त्यही रहस्यमय प्रकृति- जादूको
अध्यात्मवादी, भौतिकवादी रम्दैन साधु को ?

ढुङ्गाका सिँडी ओर्लेर जाँदा पुगिन्छ मैदान
हलेश्वर शिव बसेका त्यहीँ भेटिन्छन् महान
सो मूर्तिमाथि चौलानी जस्तो जलको धारा छ
पहराबाटै झरेको थुन******** काठको बारा छ

******** महादेवस्थान
******** गाईको थुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मा र विष्णु, गणेश, गण, कुमार, देवता
छन् चारैतिर पहरामाथि गौरा र पार्वता
ती चारैद्वार धर्माती मान्छे सजिलै छिर्दछन्
पापीले छिर्न नसकी माला पापको भिर्दछन्

लाखै र बत्ती, लाखै र पाती बालेर चढाई
रुद्री र चण्डी लगाई गर्छन् पर्वमा बढाइँ
सम्पूर्ण गुफा गुञ्जायमान वैदिक ऋचाले
ठूलाका साथ लागेर बस्ने जाग्राम फुचाले

त्रिशूल, घण्ट, ध्वजा र पता भक्तले चढाए
मागेर छोरा धेरैले यहाँ वंश नै बढाए
जे माग्यो त्यही पाइन्छ वर विश्वास यस्तै छ
शिवको दया-शक्तिको रूप साक्षात जस्तै छ

एउटै ढुङ्गो छिनुले यहाँ कुँदेको जस्तै छ
रहस्यमय कलाको नौलो नमुना जस्तै छ
विचित्र चित्र अनौठा मूर्ति प्रकृति-चित्रण
छ चमत्कार पहरे शोभा अद्भुत चित्रण

बसाहास्थान विशाल त्यस्तै विचित्र त्यस्तै छ
गुफाको मुख कुरेर नन्दी बसेको जस्तै छ
त्यसैको सामु छ 'गौरीशङ्ख' विष्णुले फुकेको
सासको आश गरेर पैले शिवजी लुकेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुचेष्टा कालो पार्वती लाने गरेको दाउको
त्यहीँ छ भस्मासुरको हड्डी ठेउके टाउको
गुफाका भित्ता बुद्धका चित्र चित्रित त्यहाँ छन्
'ॐ मणिपद्मे हुँ' जतातत‍ै अङ्कित त्यहाँ छन्

छ धेरै पर पुगेर भ्वाँङ परेको गुफा त्यो
फेदमा शिव - जलको******** धारा झरेको गुफा त्यो
पहरामाथि पाइला उँभो गएको जस्तै छ
भागेका शिव गएको दसी प्रमाण जस्तै छ

पहिले दूधै झर्दथ्यो यहाँ******** उखान भन्दैछन्
लोभीले खीर खाएको सुन्दा दुःखित बन्दैछन्
पहरातिर हेरेर अझै दुई हात थाप्तछन्
'ए माई दूध मलाई देऊ' भनेर माग्दछन्

दूधको थोपा थोप्ल्याक्क पर्छ कसैको हातमा
पानीको थोपा तप्तपी झर्छ कसैको हातमा
धर्मातीलाई दूध नै पर्छ, पापीको पानी भो
घटना साँच्चै देखेर त्यस्तो अद्भुत मानियो

मेलाका बेला हजारौं यात्री यसैमा झेलेर
फर्लाङ्ग रात काट्तछन् गीत - जुहारी खेलेर
रौसिला मान्छे नाचेरै गर्छन् रातमा जाग्राम
कसैले त्यहीँ घरबार जोर्छन् बसेर जाग्राम

******** शिवजीलाई चढाएको निर्मल
******** बसाहास्थानको पहरामा रहेको गाईको थुनबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जङ्गले थुम्को घुमेर यात्री शतब्यू छर्दछन्
दही र चिउरा खाएर त्यहाँ******** ती गति पर्दछन्
गहिरो भ्वाँङ कैलाशदेखि दूधकोशी पुग्दछ
तिलके बास्ना आउँछ भन्दै मान्छेले सुँघ्दछ

गुफामा******** कैले डुक्रन्छ साँढे, गर्जन्छ बाघ रे
कहिले साँढे, बाघ र कुकुर देखिन्छ सर्प रे
कन्फट्टा जोगी, तपस्वी, मृग विचित्र सुनौला
अल्पिने बाल-बालिका त्यस्तै नाचेका रूपौला

'पूर्वका पशुपति' को संज्ञा पाएको तीर्थमा
महात्मा, साधु, सन्त र योगी धाएको तीर्थमा
मुमुक्षु आए, तान्त्रिक आए, तपस्वी आए रे
अमर बन्ने सुरले पद्मसम्भव आए रे

करुणामयी कमलजन्मा कल्याणकारी हुन्
जो अमिताभ बुद्धको शुद्ध निर्माणकाय हुन्
सर्वज्ञ थिए; द्वितीय बुद्ध भनेर चिनिए
प्रदान गर्न सम्बोधिज्ञान लोकमा ओर्लिए

त्यो धनकोष नाउँको पाक - देशको पोखरी
कमल फुल्ने वाटिका राम्रो कमलपोखरी
जसको जन्म सम्भव भयो पद्मको फूलमा
र नाउँ पद्मसम्भव भयो त्यो राजकुलमा

******** कैलाशमा
******** महादेवस्थानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कमलबाट टिपेर ल्याए राजाले बालक
देदीप्यमान त्यो आठवर्षे बालक-पालक;
सिद्धमा एक ती इन्द्रभूति राजा नै भएछन्
छोराको शोक भुलेर; छोरै मानेर बसेछन्

प्राचीन राज्य हो उड्डियान त्यो पाकदेशका
नरेश इन्द्रभूतिका धर्मपुत्र नै भएका
आचार्य तन्त्रयानका ठूला कीर्तिको पाटोमा
जो राजपाट त्यागेर हिँडे बुद्धको बाटोमा

त्यो पाकिस्तानको गौरव राजकुलका तिलक
ती गुरु पद्मसम्भव भए बौद्धका तिलक
आचार्य थिए नालन्दामहाँ तान्त्रिक पण्डित
छोडेर निस्के सिद्धिको लागि महिमा - मण्डित

बुद्धको धर्म प्रचार गर्ने अठोट गरेर
तिब्बत जाने मनसुवा थियो अभर परेर
भूत र प्रेत डाकिनी आदि सैतान सताउँथे
तिब्बत जाँदा कठिन हुने मारले तर्साउँथे

अमर जीवन नपाई फत्ते यो कार्य हुँदैन
तपस्या विना अमर जीवन कदापि हुँदैन
यो गूढमन्त्र जपेर उनी फर्पिङ आएछन्
तपस्या गरे, पुगेन इच्छा; स्वयम्भू धाएछन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्फल भयो तपस्या त्यहाँ ती गुरु लम्किए
हलेसी गुफा पुगेर उनी एक्कासि चम्किए
कमलगट्टाजस्तो यो गुफा; यो तपोभूमि हो
यो दिव्यगुफा, यो मारातिका, यो देवभूमि हो

पवित्रतम चट्टाने गुफा वरको पोकाझैं
अमृतमय चम्कने जल शीतको थोपाझैं
यो तीर्थस्थल धार्मिक क्षेत्र तान्त्रिक साधना
अवश्य पूरा गर्नेछ सिद्धि; समाधि- साधना

प्रफुल्ल भयो उनको मन पवित्र गुफामा
तपस्या गरे अमर जीवन पाउने इच्छामा
तन्त्रको सिद्धि, कामना सिद्धि; सिद्धिको मुहानै
अमर वज्रकायको प्राप्ति भएछ त्यहाँ नै

सफल भयो तपस्या त्यहीं ती गुरु रमाए
अमर जीवन पाएर बाटो गुरुले समाए
पावनभूमि गुरुको तपस्थलको बयान
यो मारातिका गर्दछ सधैं पुण्यको बखान

नेपालबाट प्रचार गर्न तिब्बत गएछन्
ती आदिगुरु तिब्बती बौद्धधर्मका भएछन्
गौतम बुद्ध पछिका ठूला ती अर्का बुद्ध हुन्
बौद्धले गुरु रिन्पोचे भन्छन्; ती बौद्धरत्न हुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमर जीवन पाएका गुरु मर्दैनौ कहिले ?
बाँचेकै भए भन न कहाँ बस्तछौ अहिले ?
हे चिरञ्जीवी भन न गुरु रिन्पोचे कहाँ छौ यै
लोकभित्र अन्तरलोक रचेर जहाँ छौ

पिशाचविद्या निहित बोन धर्मका विजेता
तन्त्र र मन्त्र गरेर लामायानका प्रणेता
रजाइँ गर्यौ तिब्बतभित्र; गुम्बामा अझै छौ ?
विशालकाय सुन्दर भव्य आकृति यस्तै छौ ?

हो मारातिका गुरुको तपोभूमि यो हलेसी
शैव र बौद्ध दुबैको ठूलो यो तीर्थ हलेसी
सहिष्णुताको यो अनुपम धार्मिक क्षेत्र हो
सबैको इच्छा पुर्‍याइदिने यो कामधेनु हो

'ॐ मणिमद्मे हुं' त्यसैगरी 'ॐ नमः शिवाय'
बौद्ध र शैव जप्तछन् मन्त्र मोक्षको सहाय
यो पञ्चाक्षर मन्त्र हो बौद्ध, शैवले जप्ने हो
सिद्धिका निम्ति, मोक्षका निम्ति त्यै मन्त्र जप्ने हो

पहिलो पूजा विष्णुले गरे; क्रमले बलले
किराँती राजा र पद्मसम्भव, शङ्कराचार्यले
तपस्वी ठूला साधु र सन्त, योगीले पुजेका
देवाधिदेव श्रीमहादेव गुफामै रमेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजाको निम्ति सर्कारी गुठ राखेको देखिन्छ
रक्षाको निम्ति सबैले शिव भाकेको देखिन्छ
नरेश रण खुसाई गूठ प्रीतिले चढाए
थमौती गरे गीर्वाण शाह राजाले बढाए

आयस्ता लिई त्यसैले पूजा अद्यापि चल्दैछ
महन्तद्वारा धर्मको बत्ती झलमल बल्दैछ
जे लेखे पनि त्यो थोरै हुन्छ शङ्कर पर्खौं कि ?
हिमालजस्तै हाँसेको मन- गजूर अर्पौं कि ?

दर्शन अधि गरेका थिए किराँती राजाले
दर्शन यहीं आएर गरे वीरेन्द्र राजाले
भुटानी राजा जिग्मेले गरे धाएर दर्शन
धन्यातिधन्य बन्दछन् भक्त पाएर दर्शन

प्रकृतिसँग मितेरी लाउने हलेसीधाम यो
शिवको शक्ति भक्तको भक्ति झल्किने घाम यो
कन्दराबाट हलेसी पक्कै संसार हेर्ने छ
सिर्जनाभित्र सुन्दर चित्र काँचुली फेर्ने छ

छ विष्णुकान्त निर्मित पाटी त्यो पनि थोरै छ
पाटी र पौवा दुई तीन, खाँचो यहाँको धेरै छ
सौन्दर्यजस्तै विकास यस्को भै दिनु पर्दछ
संस्कृतिकेन्द्र, पर्यटनकेन्द्र यो बन्नु पर्दछ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चढाई दूध देखाइदिइन् 'ने' भन्ने गाईले
खनेर भेटे पशुका पति******** सर्दार भाइले
ज्योतिमा उनी डढेर मरे, यहाँ******** क्वै मरेन
के थियो मृग, के भयो कुकुर त्यो फेला परेन

ताण्डवनृत्य गरेर रम्ने घाँसमा चर्छ रे !
औतारी मृग शिव नै थियो कसरी मर्छ रे !
यै कुरा पत्ता लगाइदिए शिकारी राईले
शिवको प्राप्ति गराइदिए मृग र गाईले

हो सिद्धिकेन्द्र झाँक्रीका लागि, साधक साधना
भाकले माग गर्दछन् पूरा अर्चक अर्चना
छन् सदाशिव आस्थाका केन्द्र आराध्य देवता
छ कौतूहल विश्वकै निम्ति हलेसी एउटा

नपुगी त्यहाँ क्यै कुरा मान्छे पत्यार गर्दैनन्
पुगेका भन्न हो शिवलीला' ती पछि पर्दैनन्
पाप र पुण्य जाँचकी जस्तै बनेर रहेको
हलेसी गुफा भावीको लेख भन्दिने भएको

देवत्वभित्र कृति छ यौटा विचित्र प्रकृति
प्रकृतिभित्र देवत्व त्यस्तै भरिलो सुकृति
यो हेर्ने मन मान्छेको त्यहाँ देखेर सिद्धिन्न
रहस्यमय गुफाको कथा लेखेर सिद्धिन्न

■

******** श्री पशुपतिनाथको उत्पत्ति प्रसङ्ग
******** हलेसीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत खण्ड

संस्कृतानुवादकः

रामहरिदाहालः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मतिः

माधवप्रसाद घिमिरे

उपकुलपतिः नेपालराजकीयप्रज्ञा-प्रतिष्ठानम् ।

हलेसीमवलोकितवान् परं हलेसी (शी) दृष्ट्या नास्ति । अवलोकने, दर्शने च कियदान्तर्यं वर्तते । काव्यस्य पठने तदीयमर्मस्पर्शने च तथैवान्तर्यं विद्यते यथा च कस्यापि तीर्थस्थलस्य दर्शने तत्रत्यरहस्यस्य स्मरणक्षमतायां वर्तते । काव्यमिदं पाठं पाठं वयं हलेसीं प्राप्नुमः । तंत्र गुहाया अन्धकारोऽपावृतो भवति तत्रैव कैलाशो दृश्यते । कैलाशस्यैतद् दर्शनं नेपालवास्तव्याया यस्याः कस्या अपि जात्याः कृते तदेव सुन्दरताया दर्शनं वर्तते । लोकलये लिखितं श्रीराधेश्यामभट्टराईमहाभागस्यैतद् हलेसीखण्डकाव्यं नेपालस्यैवंविधमेकान्तं सुन्दरंरहस्यमयञ्चस्थलंप्रतियात्रांकर्तुप्रेरयिष्यतितीर्थयात्रिणःकाव्यसौन्दर्यस्य यात्रिणश्च ।

२०४१।१०।०१

वैक्रमाब्दः ।

■

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयसंस्करणे स्वकीयकथनम्

नेपालीवाङ्मयस्य विपुलभण्डारणे सर्वाधिकलेखने प्रयुज्यमाना साहित्यिकविधा कविताकाव्यविधैव वर्तते । विधागतकविकृतौ काविताकाव्यविधायामग्रे गतायां सत्यामपि आपणव्यवस्थापने

साम्प्रतमप्यिनया स्वकीयास्तित्वं समूलं स्थापितं नास्ति । कविताकाव्यविधा विक्रयस्य दृष्ट्या अन्यासां विधानामपेक्षया पश्चवर्तिविधा जायमानास्तीति तिक्तो यथार्थोऽस्ति । अस्यां स्थितौ कविताकाव्यानां बाहुल्येन रचनं नेपालीसाहित्यस्य श्रीवृद्धये सातिशयमुज्ज्वलपक्षो विद्यते । वर्षाणां विंशत्याः पूर्वं प्रकाशितस्य हलेसी–नाम्नो मदीयतीर्थकाव्यस्य पाठकाः द्विप्रकारकाः

सन्ति । कतिपये काव्यान्तर्गतस्य शिवतत्त्व अतिरिक्तं गुहाया रहस्यमयताञ्चान्वेष्टुमभिलषन्ति चेदपरे साधारणपाठका लोकलये निर्मितायाः काव्यकृतेर्माध्यमेन लयबद्धतया गायं गायं नृत्यन्तो गुहायामवस्थितयोर्गौरीशङ्करयोर्दर्शनं विदधते । नैपालकजनजीवनं मोहयता लोकलयात्मकच्छन्दसाऽपि सर्वसाधारणेभ्यः पाठकेभ्यः काव्यस्य मर्मबोधनस्यापेक्षया हलेसी(शी)धाम्नो महिमबोधनाय सहयोगः प्रापितोऽस्तीत्यनुभूयते । आशासे भविष्यति च उभयविधानामेव पाठकानां स्नेहो यथावद् मिलिष्यत्येव ।

विविधकारणवशाद् हलेसीतितीर्थकाव्यस्य द्वितीयं संस्करणं प्रकाशितं नाभवत् । भौगर्भिकचामत्कारिताया अभ्यन्तरे देदीप्यमानस्य प्रसिद्धतीर्थस्थलस्य हलेसीधाम्नो माहात्म्येन गुम्फितां काव्यात्मकताँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रति पाठकसमुदायेन प्रदर्शितेनात्मीयभावेनास्य संस्करणस्य मुद्रणे बलं लब्धम् । परिशिष्टक्षेत्रस्य अधिकोपयोगितायै, सूचनामूलकतायै च क्षेत्रमिदं विस्तारितमस्ति । काव्यात्मकतया सह हलेसीधाम्नो धार्मिकसांस्कृतिकेतिहासस्य विस्तारणोद्देश्येन प्रेरितीभूय व्यापकक्षेत्रं समाविष्टं वर्तते। संक्षिप्तं कथं न स्यात् परमत्र हलेसी (शी) धाम्न इतिवृतात्म-कताया द्योतनाय प्रयतितं विद्यते।

सनातनवैदिकहिन्दुधर्मावलम्बिनां बौद्धधर्मावलम्बिनाञ्च पावनतमतीर्थस्थलस्य कारणाद् धर्मद्वयस्य, दर्शनद्वयस्य च सम्बन्धे ज्ञापनमावश्यकं मतम् । द्वितीयबुद्ध इत्यभिधानेन मानितेन गुरुणा पद्मसम्भवेनतपोविधायाऽमरत्वंप्राप्तायासूतपोभूमेः सनातनहिन्दुधर्मावलम्बिभिर्जगद् गुरुशङ्कराचार्यप्रभृतिभिराराधितायाः पवित्रशिवालयस्य रूपे स्थिताया हलेसी (शी) गुहाया धार्मिकसांस्कृतिकेतिहासस्य सिंहावलोकनमात्रेणाऽपि गद्यात्मकपरिशिष्टभागो विस्तारितोऽस्ति ।

संक्षिप्तनेपालेतिहासे उल्लिखितायाः कैरातराजानामैतिहासिकतायाः पुष्टिकारके प्रमाणिताधारेऽप्राप्तेऽपि विशेषतो हलेशी (सी) – वराहक्षेत्रप्रभृतीनां प्रसिद्धतीर्थस्थलानाम् उल्लेखनं प्रति ध्यानाकर्षणं कारितं वर्तते। सन्दर्भेऽस्मिन् इतिहासस्याध्येतार ऐतिहासिकताया गवेषणं कुर्वीरन्।

हलेसीतीर्थस्थलमनेकत्वे एकत्वस्य द्योतकमस्माकं धार्मिकसहिष्णुतायाः प्रतीकञ्च वर्तते। तदर्थमस्य तीर्थस्थलस्य परिचयात्मकसम्बद्धतायाः कृतेऽपि नेपालमातुः सुपुत्रस्य विश्व- शान्ते

रग्रदूतस्य गौतमबुद्धस्य बौद्धदर्शनस्य सनातनहिन्दुधर्मस्याधारस्य जगद्गुरोराद्यशङ्कराचार्यस्य, अद्वैतवेदान्तदर्शनस्य च संक्षिप्तचर्चा विहिताऽस्ति । सन्दर्भेऽस्मिन् राष्ट्रिये, अन्तरराष्ट्रिये च क्षेत्रे चर्चितस्य सनातनहिन्दुधर्मावलम्बिनां, बौद्धानाञ्चातुल्यास्थाश्रद्धायुततीर्थस्थलस्य हलेसीधाम्नोऽतुलनीयसंस्कृतिकप्राकृतिकसम्पदः संरक्षणार्थंविश्वसम्पत्सूच्यां सूचीकरणकार्यं विलम्बायमानमस्तीति कथने नातिशयोक्तिर्भवेत् । एष बुद्धस्य देशो नेपालः गुरोः पद्मसम्भवस्य तपोभूमिश्च वर्तते । अत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीनकालादेव बौद्धधर्मदर्शनसंस्कृतीनाम् अध्ययनाऽध्यापनानुसन्धानानि विधीयमानानि सन्ति । विश्वविद्यालयेषु स्नातकोत्तरपर्यन्तं बौद्धदर्शनमध्याप्यमानं वर्तते । एवं बौद्धदर्शनसम्बद्धाध्ययनानुसन्धानयोः कृते लुम्बिनीविश्वविद्यालयस्य यथाशीघ्रं स्थापनायै प्रयतमाने परिप्रेक्ष्ये गुरोः पद्मसंभवस्य सम्बन्धे इतोऽपि व्यापकतयाऽनुसन्धानमावश्यकं मन्यते। हलेशी (सी) मारतिकागुहायां मासत्रयमुषित्वा कठोरं तपो विधाय चिरजीवित्वं प्राप्तस्य तिब्बतीयधर्मस्यादिगुरोः पद्मसम्भवस्य जीवनलीलायाः, हलेसीधाम्ना साकँ सम्बद्धस्य जीवनपक्षस्य च सम्बन्धे यथासम्भवमध्ययनानुसन्धाने विधायात्र समावेष्टुं प्रयतितं वर्तते । गुरोः पद्मसम्भवस्य कार्याणि नामानि च बहूनि सन्ति । अस्ति लीला चाभ्दुता । एतदीयचरित्रवर्णनमपारमप्रत्ययकृच्च वर्तते। एतस्य कतिचन लीला- कर्माणि भगवतः

श्रीकृष्णस्याऽलौकिकचरित्रैः सादृश्यभाञ्जि सन्ति चेत् कतिचित्च्चरित्तलीला भयावहा विस्मयावहाश्व वर्तन्ते। अहमेतत्पथं न विवेचयामि। तस्य जीवनचरितस्य सम्पूर्ण- पक्षाणामुद्घाटनं न ममाभीष्टम्। मदीयैषा चर्चा शिलान्वेष-णवदेवाऽस्ति।

ऐतिहासिक-पौराणिक-धार्मिक-सांस्कृतिक- पुरातात्त्विक-प्राकृतिकष्ट्या पर्यटकीयसम्पद्दृष्ट्या चात्यन्तमेव महत्वपूर्णं हलेशी (श्ती) धाम प्रतिपाद्यं विषयं निर्माय रचिते हलेसीतीर्थकाव्ये काव्यिकरसास्वादनस्य अतरिक्तं हलेशी (सी) महादेवस्थानस्य माहात्म्यस्य सम्बन्धे जिज्ञासुभ्यो दर्शनार्थं, तत्र यियासुभ्यः पर्यटकतीर्थयात्रिभ्यश्च विशेषसौविध्यं मिलत्विति हेतुना तीर्थयात्रिणां कृते ऽत्यावश्यकमेकं सूचनामूलकं विषयवस्तु समाविष्टं वर्तते।

राष्ट्रनायकेन पच्चश्रीकज्ञानेन्द्रेण पञ्चश्रीकराजमहिष्या कोमलाऽभिधया च हलेसीधामनि एत्य श्रीहलेश्वरमहादेवस्य दर्शनपूजनाराधनानि विहितानीति प्रसङ्गो विशेषस्मरणीयोऽस्ति। हलेशी (सी) महादेवस्थानस्याऽलौकिकमहिम्नः पौराणिकगाथाया लौकिकानुश्रुतेश्च सम्बन्धं महत्त्वपूर्णज्ञानदातारौ ऋषिकल्पं मिर्चैयाबाबेति नाम्ना प्रथितं श्रीदामोदरानन्दब्रह्मचारिणं, हलेसी- धाम्नो महन्तं स्वर्गीयधनबहादुरगिरिञ्च प्रति विशेषेणानुगृहीतोऽस्मि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा च द्वितीयसंस्करणनिर्माणक्रमे मन्त्रिणः श्रीकृष्णलालथकालीमहोदयाद् राष्ट्रियसभायाः सदस्यद्वयात् रूपज्योतिमहाभागात्, श्रीमत्या याङ्किलाशेर्पामहोदयायाः पूर्वसासदात् श्रीलघुधनराई- इत्यस्माद् विद्वद्भ्यां डाक्टरकाशीन्यौपाने - मीनबहादुरशाक्याभ्यां सहृदयेभ्यो मनोहरप्रसादभट्टराई-वीरेन्द्रबहादुरकार्की-श्रीधर्मलामा-लेशमणिदाहालेभ्यः प्राप्तममूल्यं सहयोगमालक्ष्य हार्दं धन्यवादं व्याहरामि।

रचनात्मकपरामर्शेन सह द्वितीयसंस्करणस्य भूमिकां विलिख्य हलेशीधाम्नो गौरवगाथाकथनक्रमे प्रोत्साहयितारं श्रीपासाङ्गोपर्मामहाभागं प्रति कृतकृत्योऽस्मि।

अस्मिन् संस्करणे उद्धृतानां सन्दर्भसामग्रीणां, पत्रिकाणां श्रद्धेयलेखकान्, अनुवादकान् सम्पादकान् प्रकाशकांश्च प्रति आभारं प्रकटयामि।

मत्सहृदयसहयोगिभ्यो यथा च तूलिकामाध्यमेन हलेसी-धाम्नो मुखमण्डलच्छविप्रस्तोत्रे कवये कलाकाराय च रमेशपौडेलाय, सम्बद्धकतिपयचित्राणामुपहर्तृभ्यो राजकुमारखतिवडा-परमेश्वरपौडेल - गजुरधनराई इत्येभ्यः सुसांख्योपकरणमाध्यमेन टङ्गनकर्त्रे राजनघिमिरे भिधेयाय, स्वतःस्फूर्तसहयोगिभ्यः केशवाचार्य-प्रदीपकुमारनेपालवंशीराजपौडेलोत्तमगिरिभ्य एतदीयसहयोगमालक्ष्य हृदयतः साधुवादकुसुमान्यर्पये । प्रकाशनव्ययस्य पीडाकरभारवाहिका प्रियतमा कल्पना य च शतशो धन्यवादार्हा वर्तते।

आश्विनमास :

२०२९ वैक्रमाव्दस्य।

राधेश्याम भट्टराई

कल्पनाकुन्जम्, अनामनगरम् काष्ठमण्डपः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हलेसी

सृष्टिर्हि पूतं रहस्यमेकं प्रकाशान्तरितम्,
अतीतवेद्यं गौरववृत्तं मानसचिन्तितम् ।
उत्तराखण्डः संस्कृतिपुञ्जो हिमाद्रिमण्डितः ।
पवित्रगङ्गा वहति यस्मिन् मानसनिःसृता ॥

तिष्ठति शिवः कैलाशक्षेत्रे पारे चाऽवारे च
मेच्याश्च काल्याः प्रसूनवाटीयं गौरीसेविता ।
यात्रायामत्र गच्छति गणैस्सहितो गणेशोः
धराया अस्या वाञ्छति शुभं सततं कुमारः ॥

जलस्य बिन्दौ मे चेतस्पन्दो नेपालो राजते
हिमाद्रिमारुह्यावरुह्य च नेपालो भ्रम्यते ।
मदीयनेत्रे तारकातुल्यः प्रियोऽस्ति नेपालः,
नेपालो मम हिमाद्रिर्मम सर्वदा विशालः ॥

देशोऽयमास्ते शान्तश्चैकान्तो देवानां निवासः
महर्षिणाञ्च तपोभूरस्ति परमसंराध्यः ।
एषोऽस्ति सिद्धेः साधनायाश्च प्रेरणाकेन्द्रं भो
मुमुक्षुजनैर्गन्तव्यपदं मोक्षस्य केन्द्रञ्च ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋषिभिरत्र शिलासु बहुधा ज्ञानं टङ्कितम्,
आगत्य खगा लिखन्ति पत्रे संस्कृतिसम्पदम् ।
हिमाद्रिभागादारभ्य ततं प्राकृतास्तरणम्,
औषधमास्ते पुरत एव वैद्यस्य चोद्यानम् ॥

निर्झरा धुन्यश्छङ्छङायित्वा शान्तिमुग्दिरन्ति
मूलेषु पत्रेष्वौषधजातं विपिनं ददाति ।
नेपालस्यान्तोऽहमस्मि मयि विद्यते नेपालः
सभ्यतारूपः संस्कृतिरूपो हिमालयोऽस्त्येव ॥

अवनिरेषा गौरीभू रम्या यतीनां निवासः
पवने सदा बहतितरां कस्तूर्याः सुवासः ।
याकस्य शौर्याद् डाँफेनृत्याच्च हृदयं मुह्यते
सुवर्णपत्र्या भैरवपत्र्या च मनो मुह्यते ॥

होमस्य धूमं विलोक्याधिकं जन्तव आयान्ति,
आश्रमिणोऽत्र कुञ्जेभ्यः
पुष्पाणि चित्वा चायान्ति ।
क्षेत्रेस्मिन् विधेस्तरक्षोस्तन्यं ह्यजया पीयते
सा पर्णकुटी शान्तेर्नु केन्द्र सततं स्मर्यते ॥

प्रकृतिराज्ञी सुन्दरस्थलमन्विष्याऽवर्धत
रचनातुल्यां सा सृष्टिभाषामन्यत्र पपाठ ।
विश्वस्मिन्नुच्चो हैमाद्रिराजः प्रकृतेर्भर्ताऽऽस्ते,
अत्रैव धात्रा सौन्दर्यसारः सञ्चितो वर्तते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोहितपुष्पैर्हिमाद्रिक्षेत्रं रत्नवद् द्योतितम्
सभ्यतापुष्पमुद्भूय यतः सर्वत्र प्रसृतम् ।
गुहायां स्थित्वा पुराणजातं लिखितं व्यासेन
मानवचेतः संस्पृश्य जीवत्सँस्कृतिरूपेण ॥

मानवमध्ये सौहार्दभावं संवर्ध्य संस्थातुं
सभ्यतातुल्यां संस्कृतिमत्र द्राक् प्रचारयितुम् ।
उषाया लौहित्यं हैमभागे यद्दिने प्रसृतं
तद्रुपं ततो नयनपथान्मनसि संस्थितम् ॥

सूर्यस्य करात् सिन्दूरं प्राप्य शिखरं रञ्जितं
रञ्जितगिरिं स्वलोकं नेतुं रविणा वाञ्छितम् ।
उन्नतगिरिं रक्तिमपूर्णं नेतुं स नाशक्नोत्
उत्कटरतेः कारणात् परं सततमचुम्बत् ॥

देवैश्च दैत्यैर्मिलित्वा पूर्वं मथितः समुद्रः
हालाहलाख्यं गरलं दृष्ट्वा भीतोऽभूत् संसारः ।
अतीव भीता देवता दैत्याः शिवस्य चरणं
शरणमेत्य रुदन्त एव स्वदुःखमवोचन् ॥

बिभीत देवा न किञ्चिदपि ददामि शरणम्
इत्युक्त्वा रुद्रस्तद् विषं पपावागत्य सहर्षम् ।
विषं तद्गलान्न गतमधो ग्रीवायां संस्थितं
तदनु दाहादतीव दग्धं रुद्रस्य मानसम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स शान्तिमिच्छन्नारुह्य शैलं हिमवत्खण्डेऽस्मिन् ।
नागत्याऽकीलत् त्रिशूलं ततो गोस्वामिकुण्डोऽभूत् ।
सुष्वाप तत्र श्रीनीलकण्ठःशिथिलविषोऽभूत्
परेषां भूत्यै जीवनदाता विश्वस्मिन् नान्योऽभूत् ॥

मानस–रारा–फोक्सुण्डोसरस्सु यात्रां विधाय
सभाञ्च साल्पातडागं दुग्धकुण्डञ्च विहृत्य ।
नौकायां स्थित्वा गौरीमहेशौ यात्रायां रेमाते
तद्गीतं नृत्यं समनुकृत्य किन्नरा अगायन् ॥

पाशकमत्स्यः क्रीडनावधावुत्पुत्यावधावत्
यच्छृङ्गेऽपतत् स माछापुच्छे ऽभिधया प्राफुल्लत् ।
तदन्नपूर्णा निकटे स्थिताः सन्ततीर्लोकते
वात्सल्यमयी सा स्नेहमूर्तिर्ममतां नो दत्तो ॥

युगलमूर्त्याऽऽरुढं तद्गौरीशिखरं वर्तते
उत्कीर्णस्ताभ्यां सभ्यताङ्कुरः प्रवृद्धो वर्तते ।
उत्तराखण्डो रमणीयोऽस्ति सन्ध्यायां प्रातश्च
संस्कृतेर्मूलं झिल्लीकाऽऽक्रोशः किन्नरीनृत्यञ्च ॥

पक्षिणो यत्र चीभन्ते खलु स्वर्गीयगीतानि
विश्वस्य छद्यां हिमाद्रौ यत्र शङ्करः क्रीडति ।
पक्षिणां कले शिलालेखन्या चोत्कीर्णं तद्यशः
शिवस्य मनो हरति यत्र सगरमाथाऽख्यः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उमया यत्र स्नेहस्य वृष्टिर्जनेषु कृताऽस्ति
ज्ञानस्य खनिः सा राजधानी संयोगयुताऽस्ति ।
कैलाशकुञ्जेऽस्मिञ्ज्योतिःपुञ्जे राजते स्वःसुखम्,
अत्रैव स्थित्वा शिवेन लोककल्याणं विहितम् ॥

देवाधिदेवोऽस्ति शीघ्रतोषी सर्वेषां चक्षुष्षु
याचकवाञ्छां स पूरयति भक्तस्य हितेच्छुः ।
तस्यैव वरादैश्वर्यपूर्णाऽस्ति सर्वा जनता
लोकानां त्रयं संस्थितं ह्येकशिवस्य कृपया ॥

सूर्यस्य खण्डः पतित्वा धरा निर्मिता बभूव,
अत्रैव सृष्टिं प्रपूरयितुं विश्वसृडियेष ।
मानससृष्ट्या मानसपुत्राः शतं स ससर्ज
ते सृष्टिसृजः सर्वेऽपि समा बभूवुस्तदा ह ॥

वभूव तेषु कश्यपनामा प्रधानसर्जकस्
तदीयपुत्रा बभूवू रूपैः शीलैश्च विभिन्नाः ।
हिरण्यपूर्वोऽक्षनामधेयः सुतोऽभूदुद्दण्डो
जघान युद्धे तं विष्णुदेवश्चक्रेण प्रहृत्य ॥

जनकशत्रोः समूहनाशे सङ्कल्पं विधाय
शकुनिरपि सन्नद्धोऽभवत् पितृवद् युद्धाय ।
निर्दयं तस्य पीडनाद् देवाः सन्त्रस्ता बभूवू
राक्षसीवृत्या लोकस्य भृशं ध्वंसनं बभूव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स मृत्युकाले स्वकीयसुतञ्चादिशद् ध्वंसाय
हे पुत्र ! देवान् पीडय भृशं दुःखिनः कुरुष्व ।
अश्रुभिः सिक्तान् विधाय देवान् सुखेन वस त्वं
क्षरति गर्भे न दैत्यवीर्यं द्योतते सततम् ॥

देवेषु जीवत्सु सुखतया नो भूतिरस्माकं
दुःखिषु तेषु पूर्वजास्तुभ्यं ददति चाशीषम् ।
तान् भीरून् धूर्तान् देवतागणान्नाह्वय युद्धाय
विजित्य देवान् त्रिलोकीमेव त्वं शास भो वत्स ! ॥

अन्तिमलिप्सां निगद्य देहं शकुनिस्तत्याज
राक्षसराजे दीक्षितोऽभवदसुरवृकाह्वः ।
बाल्येऽपि बली स वृकासुरः क्रीडायां भुजङ्गं
करेणाऽऽक्रम्य भ्रामयति स्म निपीड्य पुच्छाग्रम् ॥

स दण्डक्रीडामुलूखलञ्च चीमुसीखेलञ्च
मेषाजखेलं सिंहाजखेलं जयति छलेन ।
कबड्डीगीरखेलयोस्तद्वद् वसनचौर्ये च
बालकान् जित्वा घुर्सुलपत्रे पचति भक्तञ्च ॥

स 'काठकाठे' नामकद्यूतं क्रीडितुं पुरतो
गच्छति परं वृकवत् पश्चात् सरति ततश्च ।
बद्ध्वा स पुच्छं दण्डेन धेनुं प्राहरदेव भो
तदर्थं वृकासुरोऽसाविति कथितं जनैर्भो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कदलीस्तम्भान् वंशाङ्कुरांश्च छिन्दन् स वर्धितः,
समर्थोऽस्तीति लोकस्य वाक्याद् गर्वितः स भूतः ।
लोकानां त्रयं शासिष्यामीति निगद्य चोत्थितः
विषस्य वृक्षे सुधायाः फलं कथं नु फलेद् ह ॥

शासिष्यामीति शपथमुक्त्वा शक्त्यर्थं स गतः,
हिमाऽक्षेत्रं ह्युत्तमं मत्वाऽतपच्च तत्रैव ।
तपसः स्थलीमेकान्तशान्तां न कश्चिज्जानाति
देवाश्च क्षेत्रं तत् प्राप्य त्यक्तुं न जातु जानन्ति ॥

करोमि तपः शक्त्यर्थमिति न्यश्चिनोत् स दैत्यः
को भवेच्छीघ्रं मे वरदाता ब्रह्मा वा महेशः ।
कुप्यन्ति किमु देवता इति मनुते विरिञ्चिर्
भक्ताय सर्वं प्रदातुमहो वाञ्छति पिनाकी ॥

अतोऽहं तस्य शरणं यामि स वरं प्रदद्यात्,
भक्तस्य ध्यानं, पूजां वा शिवः सत्वरं गृह्णीयात् ।
सम्प्राप्य वरं समस्तविश्वं स्वाधीनीकरोमि
दानवदीपं प्रज्ज्वाल्य कान्त्या धवलयिष्यामि ॥

दैत्यस्य ज्योतिः प्रज्वाल्य देवान् मलिनान् करोमि
शक्त्यर्थं देवान् विद्रावयामि कुलस्य मुक्ताऽस्मि ।
पौरुषे दृष्टे न पातयेयुरश्रूणि पूर्वजाः,
वीरस्य पुत्रा म्रियन्ते परं नैवं स्युः कातराः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्केतं प्राप्य मे चन्द्रसूर्यौ द्योतेते तथैव
सुगन्धमूद्वा वहतु मरुत् पवनो मद्गृहम् ।
धरायामन्यः शासकजनो नास्तीह मत्समः
शक्रस्य धनुः प्रच्छादयितुं पटो न समर्थः ॥

स मनोमोदं खादित्वा ऽवसत् तपसि विशिष्य
निमील्य नेत्रे सकलविश्वं व्यस्मरत् क्षणेन ।
आकृष्य प्राणान् तल्लीनीभूय तपसि लग्नोऽभूत्,
स्वकार्ये परं स वृकदैत्यः सफलो नैवाऽभूत् ॥

तदनु छित्वा स मांसखण्डानजुहोत् प्रत्यहं,
शक्रस्य मनो ऽ कम्पत ततो भयेन तत्क्षणम् ।
अप्सरामेष प्रेषयामास तपसो विघ्नाय
सा तत्र गत्वा प्रदर्श्य प्रेम वक्ति स्म दैत्याय ॥

भो दैत्यराज ! साम्प्रतं वयं सेवायां स्थिताः स्म
स्वर्गीयसुखे रमस्व श्रीमन् ! किमस्ति तत्परम् ।
विधाय तपः शोषणं तनोर्मुनीनां धर्मोऽस्ति
सन्त्यज्य तपो भोगेषु रतिर्दैत्यानां कर्माऽस्ति ॥

विलासमय्यश्चञ्चला नार्यः प्रावोचन् भो दैत्य !
स्वर्गीयसुखं प्रदद्मो वयं त्वमस्मानाश्लिष !
गणिकानृत्यं तद्रूपभावान्न किञ्चिदपश्यत्
शरीरं हातुं स इच्छुकोऽभूत् तदन्यद् नापश्यत् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कठोरं तपो मदीयमद्य को नाशं विदध्यात्
जपामि पञ्चाक्षरीयमन्त्रं स एव मां रक्षेत् ।
ओः शान्त्यतीतं सम्प्राप्य पदं महेशे मिलामि
विरजाहोमस्य टीकां धृत्वा संसारं गिलामि ॥

अजुहोत् सर्वं शरीरमांसं मस्तकं विहाय
तदपि वह्नौ स हातुमैच्छच्छिवस्य तोषाय ।
तस्यैव कृते सद्यो ऽ हं म्रियै न गृहं वज्रामि
पिशाचगणा मां भीषयेरन् न जातु बिभेमि ॥

करोति किमु कठोरतपा दुष्कृत्यं दुस्सहं
न दद्यां वरं संसारमेष भस्मसात्कुयति् किम् !
रुणद्मि शिरोहोमाय भक्तोऽस्ति चेत्थं विचार्य
प्रत्यक्षमभूत्तदानीमीशः सत्वरमुत्थाय ॥

जीविते द्रष्टुं पार्यतेऽधिकं जुहुताच्छिरो नो
निगद्य चेत्थं शिवोऽदाद् दिव्यं शरीरं तदा भो ।
प्रणम्य शैवं चरणमसौ गदति भो देव
मूर्खोऽस्मि किञ्चिन्न वेद्मि किं वा वदानि विशिष्य॥

अध्यात्ममूर्ते ! प्रशान्तमूर्ते हेऽनादिमहेश !
त्वमेव परं वर्तसे ब्रह्म त्वदन्यन्नश्वरम् ।
त्वं वेत्सि सर्वं न वेत्ति नरः परं त्वां कदाचित्
त्वं निर्मिमीषेऽग्निसोमरूपं जगद् भो महेश ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वदृते किञ्चिन्न चान्यत् तत्त्वं सर्वं त्वत्स्वरूपं
प्रगतिमार्गे भो पशुपते नयसि सर्वान् त्वम् ।
स्वल्पेऽतिस्वल्पो महति महत्तरोऽसि भगवन्
यत्र च तत्र सर्वत्र व्याप्तस्त्वमसि भगवन् ! ॥

देवाधिदेव हे महादेव धूर्जटे शङ्कर !
हे विधेर्विष्णोश्चाराध्यदेव हे गौरीशङ्कर ।
अन्तिमरूपं जानाति कोऽपि न तव कदाचित्
प्रथमरूपञ्च तव प्रभो जानाति न कश्चित् ॥

त्रिकालदर्शिन् त्रिगुणातीत त्रिलोकपते हे
त्रिदुःखध्वंसिन् त्रिलोकव्यापिन् सर्वेषां गतिर्हे ।
दितिजकुले तिलकमहं भवितुं कामये
फलतु मम प्रधानतर्षश्चेत्येवं कामये ॥

सच्चिदानन्द हे सदाशिव ! गौरीश शङ्कर
कालस्य काल हे महाकाल हे जगदीश्वर ।
पनाकपाणेस्त्रिशूलधारिन् नन्दिनो हे स्वामिन्
मदीयतर्षं सफलयतु वरद भो स्वामिन् ! ॥

करुणामूर्ते ! सरलमूर्ते महेश दयालो
कल्यायाणकारिन् हे महादानिन्नीश्वर कृपालो !
त्वच्छिवतत्वं न वेद्मि किञ्चिद् महत्त्वं न जाने ।
कथं स्यात् पूजाऽशुतोष ! विधिः क इति न जाने ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे चन्द्रमौले ! हे दिगम्बर हे भक्तवत्सल
कैलाशवासिन् हे दीनबन्धो पार्वतीवल्लभ !
नियमहीनाद् मे तपश्चर्याकर्मणः प्रसीद
स्वेच्छितं वरं हे प्रभो ! मह्यं प्रयच्छ प्रयच्छ ॥

नास्म्यहं महायोगी हे प्रभो न किञ्चिज्जानामि
साधनां ध्यानं न जाने तपो न किञ्चिज्जानामि ।
हे प्रभो भवच्चरणमास्ते शरणं मूढस्य
न किचिज्ज्ञानं वर्तते प्रभो मे दैत्यरक्तस्य ॥

रुद्रे हि रुष्टे विश्वस्मिन्नेव दावाग्निर्ज्वलति
रुद्रे हि तुष्टे चाज्ञानतायाः कल्मषं नश्यति ।
न किचिज्जाने चिन्मय प्रभो मे भक्त्या प्रसीद
मूढोऽस्मि परं भक्तोऽस्मि ते ऽद्य वरं मे प्रयच्छ ॥

दुष्करतपश्चर्यायां लग्नं तं भक्तं विलोक्य
तत्पार्श्वे स्थितः शङ्करदेवस्तुष्टः सन् जगाद ।
हे वृकासुर त्वं वरं ब्रूहि सर्वं ते ददामि
त्वत्समो महान्तं तपस्विनं नावनौ पश्यामि ॥

तदानीं विचारितवान् दैत्यः केन मे भद्रं स्यात्
प्रमादे भूते चिन्तने पश्चाद् भूर्येव तापः स्यात् ?
यदहं याचे तद् दास्यत्येव शिवो मे साम्प्रतं
रिपवो येन नश्येयुः पूर्वे तं वरं याचेऽहम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विचिन्त्य दैत्यो जगाद शम्भो मां प्रति दयस्व
शिरसि हस्तं यस्याहं ध्रियें स भस्मो भवतात् ।
दैत्यस्य याच्ञा पूरिता तेन तथास्तु निगद्य
पार्वतीं प्रति दैत्यस्य दृष्टिस्तदैवापतच्च ॥

त्वद्दत्तं वरं सत्यं न वेति परीक्ष्ये शङ्कर
परीक्षां विना विश्वस्य नाहं यास्यामि शङ्कर ।
अहं हि बोद्धा दैत्येषु वर्ते परीक्षे त्वय्यद्य
पृथिवीं सर्वां शिथिलां कृत्वा भङ्क्ष्यामि शिवाद्य ॥

कृशानोर्ज्वाला ज्वलनक्रमे गच्छति ह्युर्ध्वोर्ध्वम्
पापञ्च जलं वहित्वा यातः सलीलमधोधः ।
तमालपयोवद् दैत्यमतिरुच्चैर्न प्रयाति
तपस्विमान्ये भूतेऽपि दैत्यस्वभावो न याति ॥

शार्दूलचर्माच्छादितोऽपि किं श्रृगालो व्याघ्रः स्यात्
कलङ्कं विधोर्निरस्तुं भूमेः किं द्रव्यं क्षमं स्यात् ?
मनसो मलं मनसि स्थितं जलेन किं भवेत्
यदि च भोक्तुं न प्रभौ जने खनिभिः किं भवेत् ?

पार्वतीं हर्तुं लालसो दैत्यो महेशमक्रामत्
स्वदत्तं वरं स्वस्यैव कृते ऽन्तरायश्चाभवत् ।
उत्थाप्य हस्तौ शिवस्य शिरो ग्रहीतुमियेष
शिवोऽपि कालप्रेरित इव सभयं चुकूर्दे ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे दैव मम सङ्कटं हर यत् कृतं कुकार्यं
छलिनश्छलं न जानन् तस्मिञ्जालेऽहमपतम् !
दैत्योऽयं हन्तुं मामिच्छतीति है दैव जीवय
प्रमादवशाच्छलं न बुद्धमेहो माँ दैव जीवय ॥

विलपञ्छिवः पार्वत्या सह वृषभमारूढस्
त्वरयाऽऽरूढं धावयन् वृषमग्रतो बभूव ।
हिमाद्रिभागात् सुदूरमेत्य जीवामि जगाद
निश्वस्य तस्थौ तत्रापि परं तं दैत्यं ददर्श ॥

उद्यम्य हस्तावागतं दैत्यमपश्यद् महेशस्
त्रिशूलं तत्र संरोप्य द्रुतं प्रययौ गिरीशः ।
अभद्रयात्रा ऽभवन्नु तस्य नन्दिनः प्रहारं
न किञ्चिन्मत्वाऽधावत् स दैत्यो भूक्षयस्थलेऽस्मिन् ॥

नवसु रङ्गेषु शैलभागानुन्नतभागांश्च
सततमारुह्य तथाऽवरुह्याधावद् महेशः ।
तथापि दैत्यस्तं लक्ष्यीकृत्य सत्वरमधावत्
त्राहीति त्राहि निगद्य शिवो रमेशमस्मरत् ॥

त्यजेन्नु कालः शिथिलीभूय स पापो नात्यजत्
पापस्य बीजं भर्जित्वा तेन न खलु विकीर्णम् ।
शिवस्य पुनर्भ्रमणमभूद् विश्वस्मिन् विरूपं
पूर्वन्तु सत्या शवेन सह बभूव भ्रमणम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स स्वर्णक्रोशीमुत्तीर्य विश्वभ्रमणाच्छान्तोऽभूत्
सुरम्यसानौ स्वं गोपायितुं ह्युद्यतस्तदाऽभूत् ।
त्रिशूलद्वारा निर्माय गुहां तदन्तो विवेश
तच्छैलं भङ्क्त्वा वृषभं त्यक्त्वा चाययौ बहिश्च ॥

तत्पश्चभूमौ विशालगुहां सुरम्यां गभीरां
चागम्यामपि विरच्य देवो द्रव्यैश्व सुसज्जाम् ।
पार्वतीं भित्या विवरे न्यस्य सभयं पलाय्य
नियम्य श्वासं गोपायाञ्चक्रे ऽधित्यकावनौ सः ॥

प्रधाव्याविशद् राक्षसराजः शङ्करं नाऽपश्यत्
तामिस्रगुहां विलोक्य भीत्या द्राग् बहिरागच्छत् !
दैत्यस्य मतिं विचार्य विष्णुः प्रत्यक्षं बभूव
मोहिनीमूर्तिं पार्वतीसमां निर्माय तस्थौ च ॥

मोहिनी वक्ति स्म दैत्यराज ! भयदे वनेऽस्मिन्
सहसा कथं प्राविशद् भवान् किमास्ते मङ्गलम् ।
कश्चन तापो भवेच्चेदहं यतिष्ये तद् हर्तुं
त्वद्दुःखे श्रुते शान्तिः स्याच्चित्ते जलनं हतं स्यात् ॥

कृत्रिमवार्तां संश्रुत्य सर्वं वृत्तान्तं जगाद
जानाति किञ्चित् स पापी नैव कालेन चोदितः ।
देवा वा नरा दानवाः सन्ति कर्मणो भोक्तारो
नाभीष्टं भवेच्चेदपि सर्वं भोक्तव्यमेव तत् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भो प्रियतम ! वदामि प्रियं तद्वाक्ये का चिन्ता ?
शापेन नष्टो ह्यर्धाङ्गशिवः सत्यस्य किं वक्ता ?
कुत्सितमूर्तेर्मूढस्य वार्तां विश्वस्य प्रयाते
दैत्यस्य कुलं कलङ्कितं स्यान्न त्वयि शोभते ॥

सुन्दरी रामा पुरतो वर्ते वाञ्छसि किमन्यद्
हे दैत्यराज स्वाभीष्टं सुखं भुज्यतां किमन्यत् ? ।
सेवायां स्थित्वा त्वां रमयामि सदैव का चिन्ता
तं पतज्झरं स्वाधीनं कर्तुं श्रृङ्खला भवेत् का ? ॥

हसाम हर्षाद् नृत्याम तोषाद् तदेव जीवनं
भो प्रिय रामच्छायावदास्ते सर्वस्य जीवनम् ।
अर्धार्धं नेत्रे निमील्य स्मित्वा मोहिनीरूपेण
कटाक्षदृष्ट्या सहावभावं प्रस्तौति क्रमेण ॥

शिरसि हस्तं विन्यस्य छम्छम्ध्वनिना नृत्यति
प्रताड्य करौ कामुकदृष्ट्या कटिं सा धुनोति ।
तदीयशैलीं विलोक्य भृशं दैत्यराड् मुग्धोऽभूत्
तत्कालं चेमां स्वाधीनीकृत्य नयामीत्यवोचत् !

सगरमाथेत्यञ्चलस्यान्तः खोटाङमण्डले
हलेसीनाम्ना विख्यातभूमेः प्राकृतव्यूहके ।
क्रूराततायी शिरसि हस्तं विन्यस्य दग्धोऽभूद्
वृषभस्थानं निकषा भस्मीभूयैव चापतत् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निगद्य चेत्थं स दैत्यराजः कालेन गृहीतः
कामेन दृष्ट्योः पिधानहेतोस्तां नेतुमियेष ।
तदीयनृत्यं समनुकृत्य सस्मितमनृत्यत्
शिरसि हस्तं विन्यसन् दैत्यः सन्दह्य भस्मोऽ भूत् ॥

कुकर्मा मृतो वचनपाशाच्छिवोऽभूद् विमुक्तो
रक्षसो भस्मासुरस्य तथा मरणं बभूव ।
तदानीं वाद्यानि वादितानि पुष्पाणि निपेतुः
पर्ववद् मत्वा त्रिलोकदेवा हृष्टाश्व बभूवुः ॥

शैलीयभूमिः पातितवती सहर्षमश्रूणि
तदश्रुजातं संहत्य महाद्युनदी बभूव ।
कृत्रिमरूपं विहाय हरिः सुरूपं जग्राह
तिमिरगुहां प्रविश्य द्रुतं गौरीशं स प्राप ॥

आत्मानं दैत्याद् रक्षितुं गुहां निर्माय स्थितं तं
ददर्श विष्णुः प्रोज्ज्वलज्योतिःस्वरूपे निषण्णम् ।
तत्रैत्य विष्णुः श्रद्धयाऽ पूजत् प्रथमं महेशं
शिवोऽपि तत्र स्थानीयदेवो भवितुं न्यवसत् ॥

भयेन द्रुतं पलाय्य शिवः क्षेत्रेऽस्मिन् प्राप्तवान्
श्रीहरेः कार्याद् ररक्ष देहं चाभयं लब्धवान् ।
हरिणा पूर्वं पूजित इति स हरीश्वरोऽभूद्
लोकस्य जिह्वाऽपभ्रंशवशात् स हलीश्वरोऽभूत् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्यस्मिन् मते श्रीसत्या हस्तः स्थानेऽस्मिन् न्यपतत्
हरेश्वरस्य विकृतिवशाद् सहलेश्वरोऽभूत् ।
श्रीसत्या हस्तस्य पातहेतोर्भूम्येषा पवित्रा
पूर्वस्य पशुपतिर्हि नाम्नी कथास्ति विचित्रा ॥

कस्मिंश्चित् काले श्रीबलरामस्तीर्थार्थं प्रतस्थे
स्नात्वा स दुग्धक्रोशीति शैलादुपरि प्रतस्थे ।
सूर्यस्य करस्पर्शेन सानुः प्रोज्ज्वलदेहोऽभूत्
संस्थाप्य हलं गुहायां विशन् प्रकाशमपश्यत् ॥

हलिनाऽप्यसौ पूजित इति स हलीश्वरोऽभूत्
सम्प्रति जनोच्चारणवशात् स हलेश्वरोऽभूत् ।
